# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको प्रकाशन

वर्ष २, अङ्क ४, २०७१ जेठ–असार Vol 2, Issue 4, June 2014


## आन्तरिक राजस्व लक्ष्यभन्दा रू २८५ करोड बढी असुली

**काठमाडौं ।** यस आ.व. २०७०/०७१ जेठ महिनासम्मको राजस्व असुलीमा गत वर्षको सोही अवधिको तुलनामा ११८ प्रतिशतको वृद्धि रहेको छ । यस आ.व.को जेठ महिना सम्मको लक्ष्य रू. १ खर्व १४ अर्व ५६ करोड ५४ लाख ३७ हजार रहेकोमा सो अवधिमा रू. १ खर्व १७ अर्व ४२ करोड २१ लाख ५९ हजार असुली भई लक्ष्यको तुलनामा रू. २ अर्व ८५ करोड ६७ लाख २२ हजार बढी असुली भएको छ । शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ लक्ष्य रू. ६१ अर्व ३१

आ.व. २०७०/७१ जेठ मसान्तसम्मको राजस्व संकलनको स्थिति (रू हजारमा)

| शीर्षक | वार्षिक लक्ष्य | यो महिनासम्मको | | | वृद्धिदर | वार्षिक लक्ष्यको तुलनामा प्रगति |
|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रगती प्रतिशतमा | | |
| आयकर | ६८३१८०५६ | ५३४४१८२७ | ५४१११९०० | १०१ | ११३ | ७९ |
| वहालकर | २३१४२६५ | १८०७३६७ | १८५२१०५ | १०२ | १२० | ८० |
| व्याजकर | ६५७६३०९ | ६०६५७१७ | ५६७२६८७ | ९४ | १११ | ८६ |
| आयकर जम्मा | ७७२०८६३० | ६१३१४९११ | ६१६३५८९२ | १०१ | ११३ | ८० |
| मू.अ.कर | ३२८४५१७७ | २९०५४३७३ | ३०५६५५९७ | १०५ | १२१ | ९३ |
| अन्त:शुल्क | २६९४२५३७ | २३५००८२८ | २४४०४६४९ | १०४ | १२७ | ९१ |
| शिक्षा सेवा शुल्क | ३८२५०७ | ३३४४७९ | ३९७३२८ | ११९ | १४४ | १०४ |
| स्वास्थ्य सेवा शुल्क | ३७९३८४ | ३६०८४६ | ४१८६९३ | ११६ | १३१ | ११० |
| जम्मा | १३७७५८२३५ | ११४५६५४३७ | ११७४२२१५९ | १०२ | ११८ | ८५ |

करोड, ४९ लाख ११ रहेकोमा असुली रू. ६१ अर्व ६३ करोड ५८ लाख ९२ हजार भएको छ भने मूल्य अभिवृद्धि कर तर्फ लक्ष्य रू. २९ अर्व ५ करोड ४३ लाख ७३ हजारको तुलनामा असुली रू. ३० अर्व ५६ करोड ५५ लाख ९७ हजार भएको छ । त्यसैगरी अन्त:शुल्क तर्फ लक्ष्य रू. २३ अर्व ५० करोड, ८ लाख, २८ हजारको तुलनामा

बाँकी ९ पेजमा....

## माननीय अर्थमन्त्री डा. रामशरण महतद्वारा आन्तरिक राजस्व विभागको निरीक्षण



आन्तरिक राजस्व विभागको निरीक्षण भ्रमणका क्रममा राजस्व प्रशासनका कर्मचारीहरुलाई निर्देशन दिनुहुँदै माननीय अर्थमन्त्री डा. रामशरण महत

**काठमाडौं ।** माननीय अर्थमन्त्री डा. रामशरण महतले २०७० फागुन २७ गते आन्तरिक राजस्व विभागको निरीक्षण गर्नुभएको थियो । सो क्रममा उहाँले आफू अघिल्लो पटक अर्थमन्त्री रहँदा भन्दा हाल विभागमा सूचना प्रविधिको क्षेत्रमा निकै सुधार भएकोमा खुसी व्यक्त गर्दै यसलाई निरन्तरता दिनुपर्ने बताउनुभयो । मूल्य अभिवृद्धि करमा विगतमा केही समस्या रहेको भएतापनि अहिले समस्याहरू समाधान हुँदै गएको पाएको बताउनुभयो । सो क्रममा उहाँले कर प्रशासनमा निरन्तर सुधार भएकै कारण हाल **Revenue GDP Ratio** १७.४० प्रतिशत भएको छ, जुन सकारात्मक उपलब्धी हो भन्नुभयो। भन्सार छली भएका सामान बजारमा आउन सक्ने र जानाजान नक्कली मूल्यअभिवृद्धि बिल पेश गरेर कर फिर्ता लिएका हुन सक्छन् भन्नुहुँदै अर्थमन्त्रीले त्यस्ता करदाताहरूको निगरानी गर्न निर्देशन दिनुभयो ।

नियम कानुनबाट एक इन्च पनि तलमाथि नगर्न र अनावश्यक तथा गैर कानुनी दवावलाई अस्वीकार गर्न आग्रह गर्नुहुँदै कर प्रशासनका कर्मचारीहरूलाई दिन रात नभनी काममा लाग्न समेत निर्देशन दिनुभयो । करको दायरा विस्तार गर्न सधैं लागि रहनु पर्ने भन्नुहुँदै कर प्रशासनका कर्मचारीहरूलाई धेरै जनसम्पर्क हुने क्रियाकलापमा संलग्न नहुन समेत निर्देशन दिनुभयो ।

आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरूलाई कार्य सम्पादनको लागि आवश्यक पर्ने अधिकार प्रदान गर्नका लागि अर्थमन्त्रालय तयार रहेको बताउनुहुँदै अर्थमन्त्री

बाँकी ३ पेजमा...

### आँखीझ्याल


आन्तरिक राजस्व कार्यालय वीरगञ्जको कार्यालय भवन शिलान्यास — पृष्ठ ३

सहकारीमा कर विषयक अन्तर्क्रिया — पृष्ठ ५

उच्चतम कर सहभागिता जनाउने करदातालाई सम्मान — पृष्ठ १०



# महानिर्देशकको सन्देश

**हाल दोस्रो चरणको आर्थिक सुधारको कार्यक्रम ल्याउने तयारीको घोषणा साथ आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा भई रहेको हुँदा राजस्व प्रशासन र कर प्रशासनमा निश्चित रूपमा आम करदाताले अनुभूत गर्ने गरी कर प्रणाली सुधार र राजस्वको दीर्घकालिन संरक्षण गर्न सकिने गरी कर प्रशासनको क्षमता विस्तार र सुधारका काम थालनी हुने अपेक्षा राखिएको छ ।**

संविधानसभाको निर्वाचन पश्चात् सरकार गठन भई हालको लागि राजनीतिक अन्यौल समाप्त भई सकेको छ । अब लगानी, उद्योग, व्यापार, पेशा व्यवसाय गर्नका लागि वातावरण वनेको छ । २०७० मंसिर १ मा मनाइएको दोस्रो राष्ट्रिय कर दिवस पश्चात् जिल्लामा करदाताहरूलाई सम्मान गर्ने सन्दर्भमा झापा, मोरङ, सुनसरी, सिरहा, सर्लाही, धनुषा, वारा, पर्सा, मकवानपुर, चितवन, कास्की, बुटवल, भैरहवा, पाल्पा, कृष्णनगर, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर भ्रमण गरी करदाताहरूसँग अन्तर्क्रिया तथा छलफल गर्दा आम नागरिक करदाता तथा व्यवसायीहरूमा अत्यन्त उत्साह छाएको छ र सरकार कर असुल मात्र गर्दैन करदातालाई सम्मान पनि गर्छ भन्ने भावना विकसित भएको छ । विगत लामो अवधिसम्म वन्द, हड्ताल र चन्दाबाट त्रसित आम व्यवसायी, करदाताहरूमा मुलुकमा राजनीतिक रूपले स्थायित्व कायम भई निर्धक्कसँग पेशा व्यवसाय गर्न पाए हुन्थ्यो भन्ने एकमात्र अभिलाषा रहेको पाएको छु ।

राजस्व प्रशासन/कर प्रशासनको काम राजस्व संकलन गर्ने मात्र होइन । अर्थतन्त्रको नियमन गर्ने हो र राजस्वको संरक्षण गर्नु हो । राजस्व प्रशासनको केही वर्षको मेरो अनुभवमा कुनै एक वर्ष वा एक महिनाको राजस्व लक्ष्य अनुसार संकलन गर्नु ठूलो उपलब्धि होइन । उदाहरणको लागि आन्तरिक राजस्व विभागको यो तेस्रो आर्थिक वर्षको अनुभवमा हालसम्म कुनै एकाध महिना वाहेक सवै महिना र सवै वर्षको राजस्व लक्ष्य अनुसार संकलन भएको छ । राजस्व वृद्धिदर पनि औषतमा २०/२१ प्रतिशत रहेको छ । यस आर्थिक वर्षमा जेठ सम्म रु ११४५६ करोड लक्ष्य रहेकोमा रु ११७४२ करोड संकलन भने लक्ष्यभन्दा रु २८६ करोड बढी छ । यस आधारमा यस आर्थिक वर्षमा लक्ष्य भन्दा उल्लेखनीय रूपमा बढी संकलन हुने अनुमान छ । तर हामीले दीर्घकालिन रूपमा योजनावद्ध ढंगले राजस्व प्रक्षेपण, संरक्षण र संकलन गर्न सकेमा छोटो अवधिमा नै नेपालको विकास र खर्चको लागि निश्चित रूपमा कुनै पनि प्रकारको परनिर्भरता आवश्यक पर्ने छैन ।

राजस्व संरक्षणको कुरा गर्दा राजस्व प्रशासनको संस्थागत क्षमता विकास, जनशक्तिको संख्या, क्षमता तथा दक्षता, पर्याप्त नीतिगत कानुनी र कार्यगत व्यवस्था अपरिहार्य छ । हाम्रो राजस्व प्रशासनको कुरा गर्दा अर्थ मन्त्रालय र अन्तर्गतका राजस्व विभाग मातहत सवै भौगोलिक क्षेत्र समेट्ने गरी संस्थागत व्यवस्था छैन । मन्त्रालय अन्तर्गत करीव ३ हजार कर्मचारी मार्फत् अर्थ प्रशासनको काम सम्पादन गरिदैछ । ती कर्मचारी मध्ये पनि आधा जति मात्र राजस्व समूह र विशेषज्ञ स्तरका छन् । बाँकी कर्मचारी सहयोगी तहका रहेका छन् । यो संख्या मुलुकको अहिलेको अर्थतन्त्रको आकार, व्यापार व्यवसायमा आएको जटिलता र विविधताको आधारमा अत्यन्त न्यून हो ।

कार्यबोझको विश्लेषण गर्ने हो भने सरकारको राजस्व र वैदेशिक स्रोत समेत गरी वार्षिक बजेटको करिव ९० प्रतिशत स्रोत अर्थ मन्त्रालयबाट व्यवस्थापन गरिन्छ । त्यही स्रोत खर्च गर्नका लागि स्वदेश तथा विदेशमा गरी हजारौं कार्यालय तथा निकायहरू स्थापना भई लाखौं कर्मचारी तथा जनशक्ति संलग्न रहेका छन् । तर पनि योजना र बजेटले अपेक्षा गरे अनुसार खर्च हुन नसकी वर्षान्तमा अर्बौं रकम सरकारी ढुकुटीमा फिर्ता आउने गरेको छ । राजस्व संकलन आम नागरिकहरूले कमाएको वा कारोवारबाट असुल गर्ने विषय अत्यन्त कठिन विषय हो, जुन लक्ष्य भन्दा बढी असूल भइरहेको छ । तर सरकारी निकायहरूले आफैले तय गरेको विकास निर्माणका आयोजनाहरू लक्ष्य अनुरूप खर्च गर्न र भौतिक रूपमा सम्पन्न हुन सकेनन् । अझ बजेट खर्च हुनै नसक्ने अवस्था र खर्च भएको रकम समेत सदुपयोग नभएको गुनासो आइरहेको हुन्छ ।

अन्य मुलुकहरूसँग तुलना गर्ने हो भने भारतमा प्रत्यक्ष र अप्रत्यक्ष करका लागि छुट्टाछुट्टै वोर्ड रहेका छन् भने पाकिस्तान, वंगलादेशमा राजस्व वोर्डहरू रहेका छन् । कतिपय मुलुकमा राजस्वका प्राधिकरण खडा गरी तीनै मार्फत् कर, भन्सार, अन्तःशुल्क, मु.अ.कर एकीकृत रूपमा प्रशासन गरिन्छ । मलेसियामा अर्थ मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री आफैले लिने र मातहतमा मन्त्री र उपमन्त्रीहरू रहने व्यवस्था छ । मन्त्रालयमा महासचिव, उपमहासचिवसहित दर्जन जति सचिवहरू रहने छन् । आन्तरिक राजस्व वोर्ड अन्तर्गत करिव ११ हजार कर्मचारी सहित अर्थ मन्त्रालय मातहत करिव २५ हजार कर्मचारी कार्यरत छन् । मन्त्रालय र विभागका प्रत्येक केन्द्रमा एक हजारको हाराहारीमा कर्मचारी रहने गरेका छन् । यस्तो तुलना गर्दा हाम्रो संरचनागत क्षमता र जनशक्ति कमीको कारणले अर्थतन्त्र र राजस्वको यथोचित संरक्षण गर्न सकिएको छैन । यस तर्फ हाम्रो ध्यान केन्द्रित हुनु जरुरी छ ।

हाम्रो मुलुकको अर्थ प्रशासनको संस्थागत क्षमता र जनशक्ति दुवै अपर्याप्त रहेको छ । विगतमा अर्थ मन्त्रालयमा २ जना सचिव रहेकोमा एक जनामा झारिएको छ । कार्यबोझ अनुसार ३/४ जना सचिव हुनुपर्ने हो । त्यस्तै राजस्वका विभागहरूमा अन्य मुलुकमा कम्तिमा सचिव सरहको पदाधिकारी रहने व्यवस्था छ । हाम्रो धेरैजसो विभागहरूमा सहसचिवको नेतृत्वमा सहसचिवहरू नै सहायक बनाई राखिएको छ । जुन प्रशासनको पदसोपान अनुकूल छैन । कानुनत कार्यसम्पादन मूल्यांकन गर्नसम्म पनि मिल्दैन । त्यस तर्फ सोचाई जानु पर्छ । राजस्वका विभागीय प्रमुख कम्तिमा विशिष्ट श्रेणी राखिनु पर्दछ वा अन्य मुलुकमा जस्तो वोर्ड वा प्राधिकरणमा लैजानु पर्दछ ।

आन्तरिक राजस्व विभागको ३० वटा स्थानीय कार्यालयबाट ७५ जिल्लाको काम हेर्नु पर्दछ । पोखरामा रहेको कार्यालयले गण्डकी र धौलागिरी अञ्चल, नेपालगञ्ज कार्यालयले भेरी र कर्णाली अञ्चल, दाडले राप्ती अञ्चल, धनगढी र महेन्द्रनगरले सेती, महाकाली, जनकपुर कार्यालयले जनकपुर अञ्चल, लहान कार्यालयले सगरमाथा अञ्चल, धरानले कोशी र भद्रपुरले मेची अञ्चलभरीको कार्य हेर्नु पर्दछ । यस अवस्थामा करदाताको पहुँच र कर प्रशासनको सेवा दुवै नै कमी रहेको अवस्था छ । हाल दोस्रो चरणको आर्थिक सुधारको कार्यक्रम ल्याउने तयारीको घोषणा साथ आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा भई रहेको हुँदा राजस्व प्रशासन र कर प्रशासनमा निश्चित रूपमा आम करदाताले अनुभूत गर्ने गरी कर प्रणाली सुधार र राजस्वको दीर्घकालिन संरक्षण गर्न सकिने गरी कर प्रशासनको क्षमता विस्तार र सुधारका काम थालनी हुने अपेक्षा राखिएको छ ।

राज्यले कर संकलन गर्ने कार्य कृषि प्रणालीको प्रकृया जस्तै हो । कृषि प्रणालीमा जमीन तयारी गर्ने, वीउ रोप्ने, सिंचाइ, मल, किटनाशक औषधि, हेरचाहदेखि वाली थन्क्याउने सम्मका चरणहरू पार गरिन्छ । कृषिको नियममा एक वर्ष र बहु वर्ष वाली लगाइन्छ । आँप, लिची, अम्बा, कटहर फलफूलका विरुवा दीर्घकालिन आयका स्रोत हुन् । राजस्वमा पनि दैनिक उपभोग्य सामग्रीको व्यापार, आयात, निर्यात भएका तयारी वस्तुहरू सालवासाली आयका स्रोत हुन् भने मुलुकका उद्योग धन्दा कल कारखाना फलफूल बगैंचा जस्तो दीर्घकालिन आयका स्रोत हुन् । वगैंचाका फलफूलका बोटमा फल लाग्न ५/७ वर्ष पर्खे जस्तै उद्योग कलकारखानाले पनि निश्चित अवधि पश्चात् मात्र उत्पादन र प्रतिफल दिन थाल्दछन् । त्यसैले उद्योग व्यापार संरक्षण गरी लगानी वातावरण बनेमा मात्र मुलुकलाई दीर्घकालसम्म आम्दानीको स्थायी स्रोत हुन्छ । यस तर्फ हाम्रो प्रशासनको ध्यान जानु पर्दछ ।

कृषि वालीको संरक्षण र सुरक्षाको लागि हेरालु राखिएको हुन्छ । हेरालु इमान्दार र जिम्मेवार हुनुपर्दछ । हेरालुले मनसायगत रूपमा वाली रुग्ने काममा बद्मासी गर्न लाग्यो भने निश्चित रूपमा वाली सखाप हुन्छ, खर्च पनि नउठ्न सक्दछ । राजस्व प्रशासनमा त्यही नियम लागू हुन्छ । इमान्दार हेरालुबाट वाली संरक्षणमा जोखिम नभए जस्तै राजस्व प्रशासन जिम्मेवार भई दिएमा राजस्व छली गर्ने जमात आफै तर्सिन्छ । राजस्व प्रशासन पूर्ण जिम्मेवार र वफादार भएमा राजस्व चुहावटको प्रवृत्ति नियन्त्रण गर्न अन्य धेरै उपाय अपनाइ रहनु पर्ने छैन ।

असार, २०७१

**टंकमणि शर्मा**
महानिर्देशक

१ पेजको बाँकी.....

डा. महतले परिणाम देखिने गरी कार्य गर्न निर्देशन दिनुभयो। कर्मचारी सरूवा तर्फ संकेत गर्नुहुँदै निश्चित प्रणालीको आधारमा मात्र सरुवा गरिने समेत जानकारी गराउनुभयो।

निर्देशनका क्रममा माननीय अर्थमन्त्री डा. महतले संसारमा जहाँ पनि कर अधिकृतसँग डराउने वातावरण रहने हुँदा कर अधिकृतको पदीय मर्यादा र ओज कायम राखेर कार्य गर्न समेत निर्देशन दिनुभयो। सो क्रममा उहाँले सधै मिठो र कर्णप्रिय लाग्ने निर्णयले मात्र संस्था र मुलुक अघि बढ्न सक्दैन भन्नुहुँदै राजस्व वृद्धि गरी देशलाई अघि बढाउन अप्रिय निर्णय पनि लिनुपर्छ भने आफू तयार रहेको बताउनुभयो। राष्ट्रमा लुकेर रहेको पूँजीलाई नेपालमै लगानीको वातावरण बनाएर रोजगारीको सिर्जना गर्ने तर्फ आफू सकारात्मक रहेको समेत बताउनुभयो।

निरीक्षणका क्रममा तात्कालिन अर्थ सचिव श्री शान्तराज सुवेदीले जिम्मेवारी र कामको हिसावले ठूलो रूपमा रहेको आन्तरिक राजस्व विभागले आन्तरिक स्रोत परिचालनका लागि नेतृत्वदायी भूमिका निर्वाह गरी सम्पूर्ण आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउनु पर्ने बताउनुभयो। मू.अ. कर, आयकर तथा करका अन्य विषयहरूमा देखिएको कमी कमजोरीहरूलाई सुधार गर्न निर्देशन दिनुहुँदै उहाँले करको दायरा बढाउन र कर कानुनको परिपालनामा वृद्धि गर्न करदाता सेवा कार्यालयहरूको विस्तार गरिएको बताउनुहुँदै सरकारले हामीलाई के दियो भन्ने नसोची हामीले मुलुकलाई के दियौं भन्ने सोचेर कार्य गर्न निर्देशन दिनुभयो। सो क्रममा अर्थसचिव श्री सुवेदीले कर भनेको कुलेखानीको कृतिम तलाउ जस्तो नभई काली गण्डकीको पानी जस्तो निरन्तर बगीरहने जीवन्त कुरा हो भन्नुभयो।

माननीय अर्थमन्त्री डा. महतलाई आन्तरिक राजस्व विभागमा स्वागत गर्नुहुँदै महानिर्देशक श्री टंकमणि शर्माले माननीय अर्थमन्त्रीमा रहेको विद्वता, ज्ञान, क्षमता र नेतृत्वसिपको उपयोग गर्न र निर्देशनको अक्षरस परिपालना गर्न आन्तरिक राजस्व विभाग परिवार सदैव तयार रहेको धारणा व्यक्त गर्नुभयो। सो क्रममा माननीय अर्थमन्त्री समक्ष विभागको परिचयात्मक कार्यपत्र प्रस्तुत गर्ने क्रममा महानिर्देशक श्री शर्माले विभागको संरचना, जनशक्तिको विवरण, विभागको कार्यक्षेत्र, दर्ता भएका करदाताहरूको संख्या, राजस्व असुली तथा भावी कार्य योजना समेत प्रस्तुत गर्नु भएको थियो।

# आन्तरिक राजस्व कार्यालय वीरगञ्जको कार्यालय भवन शिलान्यास

**वीरगञ्ज।** अर्थ मन्त्री डा. रामशरण महतले २०७१ वैशाख ३० गते आन्तरिक राजस्व कार्यालय वीरगंजको कार्यालय भवन शिलान्यास गर्नुभएको छ। कार्यालय भवनको शिलान्यास पछि आयोजित कार्यक्रममा मन्त्री डा.महतले वीरगंज मुलुककै ठूलो आर्थिक केन्द्र रहेको र राजस्व परिचालनमा यस क्षेत्रको संभावना व्यापक रहेको हुंदा कर प्रशासन यस तर्फ थप सक्रिय हुन र करदातालाई कर सहभागिता वृद्धि गरी कर दायित्व पूरा गर्न आग्रह गर्नु भयो। उहाँले मुलुकको विकासका लागि परनिर्भरता घटाउदै आन्तरिक श्रोत परिचालनमा जोड दिनुपर्ने पनि वताउनु भयो। आर्थिक क्रान्ति विना देशको विकास सम्भव नभएकाले ठूला पूर्वाधार निर्माणमा सरकार लागि परेको र यसका लागि वैदेशिक सहायता घटाउदै वैदेशिक प्रत्यक्ष लगानी र आन्तरिक श्रोतको परिचालनमा जोड दिनुपर्ने वताउनु भएको छ। सो अवसरमा मन्त्री डा.महतले सन् २०२२ सम्ममा मुलुकलाई अतिकम विकसित मुलुकवाट विकासोन्मुख मुलुकमा लैजान ठूलो लगानीको आवश्यकता रहेको र यसका लागि कर प्रशासन लगानीमैत्री हुनु पर्ने भएकाले प्रभावकारिता अझ वढाउनु पर्ने र करदाताले पारदर्शि लेखा तयार गरि वास्तविक कर दायित्व पूरा गर्नुपर्नेमा जोड दिनु भएको छ।


भवनको शिलान्यास गर्नुहुँदै माननीय अर्थमन्त्री डा. रामशरण महत


वीरगञ्जमा सम्बोधन गर्नुहुँदै अर्थसचिव श्री युवराज भुसाल

सो अवसरमा अर्थ सचिव श्री युवराज भुषालले मुलुकको आर्थिक विकासका लागि राजस्व परिचालन सँगै पूर्वाधार क्षेत्रमा लगानी अभिवृद्धि गर्न सरकार प्रयत्नशील रहेको वताउनु भयो। उहाँले कर प्रशासनलाई पारदर्शी र प्रभावकारी बनाउन सरकार प्रयत्नशील रहेको बताउनुभयो।

उक्त कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले कार्यालयको भवन निर्माणसंगै प्रवाहित सेवामा पनि चुस्तता आउने र भवन निर्माण कार्यमा अनुगमन गरि पृष्ठपोषण गर्न समेत सरोकार वाला पक्षलाई अनुरोध गर्नुभयो। निर्माण कार्यको जिम्मा पाएको निर्माण व्यवसायीलाई समयमै कार्य सम्पन्न गर्न आग्रह गर्नुभयो।


वीरगञ्जमा सम्बोधन गर्नुहुँदै महानिर्देशक श्री टंकमणि शर्मा

सोही अवसरमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री प्रदीपजंग पाण्डेले निजी क्षेत्रको सक्रिय सहभागिताका कारण राजस्व असुली उत्साहजनक रहेको उल्लेख गर्नुभयो। उक्त कार्यक्रममा पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी कैलाश कुमार वजिमय, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अशोक वैद्यले समेत आफ्ना धारणा राख्नु भएको थियो। साथै सो अवसरमा आन्तरिक राजस्व कार्यालय वीरगंजका प्रमुख कर अधिकृत श्री अर्जुनप्रसाद भट्टराईले निर्माणाधिन कार्यालय भवन र कार्यालयको कार्यप्रगतिको वारेमा सक्षिप्त प्रस्तुती गर्नुभएको थियो।

वर्ष २, अङ्क ४, २०७१ जेठ-असार Vol 2, Issue 4, June 2014

# अर्थसचिव श्री युवराज भुसालद्वारा विभागको निरीक्षण

**काठमाडौं ।** अर्थसचिव श्री युवराज भुसालले २०७१ वैशाख ८ गते आन्तरिक राजस्व विभागको निरीक्षण भ्रमण पश्चात् विभागका कर्मचारीहरूलाई निर्देशन दिनु भएको छ। अर्थसचिव श्री भुसालले नयाँ वर्षको उपलक्ष्यमा कर्मचारीहरूलाई शुभकामना दिनु हुदै सूचना प्रविधिको माध्यमबाट करदातालाई सहज रूपले सेवा प्रवाह गर्न सफल भएकोमा विभागको सह्राहना गर्नुभयो। सो क्रममा उहाँले करदातालाई सम्मान गर्ने कार्य सह्रानीय रहेकाले त्यसलाई निरन्तरता दिन निर्देशन दिनुभयो।

करको विकास सभ्यताको विकाससगैं भएको बताउनुहुदै अहिले यसको दायरा वृहद रूपमा विकास भएको बताउनुभयो। वि.सं. २००८ सालमा सुवर्ण समशेरले बजेट मार्फत् राजस्व र व्ययको व्यवस्थित शुरुवात गरेपछि व्यवस्थित अर्थतन्त्रको शुरुवात भएको स्मरण गर्दै उहाँले निजी क्षेत्र तथा सहकारीलाई प्रोत्साहन गरेर सन् १९९० को दशकमा सुरु गरिएको उदारीकरण प्रकृयालाई व्यवस्थित गर्नुपर्ने महसुस गरिएको समेत बताउनुभयो।



कर प्रशासकहरूलाई निर्देशन दिनुहुँदै अर्थ सचिव श्री युवराज भुसाल

अर्थ मन्त्रालय राजस्व महाशाखाका प्रमुख श्री राजन खनालले राजस्वको लक्ष्य प्राप्ति गर्न निरन्तर सफल भएकोमा आन्तरिक राजस्व विभागका सम्पूर्ण कर्मचारीहरूलाई बधाई दिनुहुदै कम्तिमा आयकर तथा मूल्य अभिवृद्धि करको वृद्धिदर २२ प्रतिशत हुनुपर्ने बताउनुभयो। उहाले आयकर तथा मूल्यअभिवृद्धि कर तर्फ नन फाइलर क्रमश: ५० प्रतिशत र २५ प्रतिशत भएकोमा चिन्ता व्यक्त गर्नुभयो।



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सहसचिव श्री राजन खनाल

महानिर्देशक श्री टंकमणि शर्माले अर्थसचिव श्री भुसालको स्वागत गर्नुभएको थियो। उहाँको कार्यकाल सफलताको लागि शुभकामना व्यक्त गर्नुहुदै महानिर्देशक श्री शर्माले उहाँको निर्देशन पालना गर्न विभाग सधै तयार रहेको बताउनुभयो।



सम्बोधन गर्नुहुँदै महानिर्देशक श्री टंकमणि शर्मा

सो क्रममा अर्थसचिव भुसाल समक्ष महानिर्देशक श्री शर्माले विभागको संरचना, जनशक्तिको विवरण, विभागको कार्यक्षेत्र, दर्ता भएका करदाताहरूको संख्या, राजस्व असुली तथा भावी कार्य योजना समेत प्रस्तुत गर्नु भएको थियो। कार्यक्रममा आन्तरिक राजस्व विभागका निर्देशक श्री महाराज कोइरालाले चैत महिनासम्मको आन्तरिक राजस्व विभागको राजस्व असुलीको विवरण पेश गर्नुभएको थियो।

# अर्थमन्त्रीबाट आन्तरिक राजस्व कार्यालय लहानको निरीक्षण

**लहान ।** माननीय अर्थ मन्त्री डा. रामशरण महतले २०७० चैत २४ गते आन्तरिक राजस्व कार्यालय, लहानको निरीक्षण गर्नुभयो। माननीय अर्थ मन्त्री डा. महतले कार्यालयको प्रगतिबारे जानकारी लिदै राजस्व संकलन, बेरुजु फछ्यौट लगायत कार्यालयको कार्यसम्पादन उत्साहजनक रहेको भनि प्रमुख कर अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक बधाई दिनुभयो।

सो क्रममा कर्मचारीहरूलाई करको दायरा बाहिर



आन्तरिक राजस्व कार्यालय लहानको निरीक्षण भ्रमणका क्रममा अर्थमन्त्री डा. महत

रहेकालाई करको दायरामा ल्याउन, करदातालाई सम्मानपूर्ण व्यवहार गर्न, छिटो छरितो सेवा प्रदान गरि करदातामैत्री व्यवहार गर्न, कर छली एवं चुहावटलाई नियन्त्रण गर्न कानुनी कारबाहीमा जोड दिन, बक्यौता असुलीमा जोड दिई राजस्व परिचालनलाई दिगो र यथार्थपरक बनाउन, करदाता सेवा कार्यालय थप गर्नुपर्ने भएमा पुष्टाईको आधार सहित सिफारिश गर्न र कार्यालयमा सुशासन कायम गर्न निर्देशन दिनुभयो।

सो अवसरमा प्रमुख कर अधिकृत श्री रामप्रसाद पाठकले कार्यालयको अवस्थाबारे जानकारी गराउनु भएको थियो।

# अर्थमन्त्रीद्वारा पोखरा कार्यालयको निरीक्षण

**पोखरा ।** माननीय अर्थ मन्त्री डा. रामशरण महतबाट २०७० चैत १८ गते आन्तरिक राजस्व कार्यालय पोखराको निरीक्षण भ्रमण गर्नुभएको थियो। उक्त अवसरमा अर्थ मन्त्री डा. महतले कार्यालयका कर्मचारीहरूलाई राजस्व संकलनमा दृढ हुन, करदाताको सम्मान गर्न, राजस्व चुहावटलाई नियन्त्रण गर्न, ईमान्दार करदाताहरूलाई सम्मान गर्न, कार्यालयवाट प्रदान गरिने सेवाहरू समयमै प्रवाह गर्न, कर अधिकृतहरूले आफ्नो मर्यादा अनुरूप कार्य गर्न, सदाचारितामा आधारित रहेर करदाता सेवा कार्यालय सञ्चालन गर्न निर्देशन दिनुभएको थियो। सो अवसरमा प्रमुख कर अधिकृत श्री जगदिश्वर उपाध्यायले कार्यालयवाट चालु आ.व. २०७०/७१ को फागुन मसान्तसम्म सम्पादन गरिएका कार्यगत प्रगतिहरू तथा राजस्व संकलनको अवस्था प्रस्तुत गर्नुभएको थियो।

# सहकारीमा कर विषयक अन्तर्क्रिया

आन्तरिक राजस्व विभाग र राष्ट्रिय सहकारी संघ लि. को संयुक्त आयोजनामा २०७१ जेठ ३ गते सहकारीमा कर विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले कर र रोग एउटै भएकोले दुबैको समयमै निदान नगरे पछि ठूलो समस्या पर्न सक्ने भन्नुहुदै सहकारीका प्रतिनिधिहरूलाई आफ्नो व्यवसाय र करको वारेमा सचेत रहन आग्रह गर्नु भयो ।

महानिर्देशक श्री शर्माले यस आर्थिक वर्षमा आर्थिक अध्यादेश २०७० ले करको दायरामा नआएकालाई दायरामा आउन र विवरण पेश गर्न ठूलो अवसर दिएको तर सबैले अपेक्षित रूपमा अवसरको उपयोग नगरेको बताउनुभयो। मौका आउने तर नपर्खिने भएकाले अब पनि कुनै त्यस्तो मौका आएमा नछुटाउन आग्रह गर्नुभयो। जहाँ नाफा हुन्छ, जहाँ कारोवार हुन्छ, जहाँ व्यवसाय हुन्छ त्यहींबाट राज्यले राजस्व उठाउँछ भन्नुहुँदै उहाँले नेपालमा सहकारीको अभियानबाट रोजगारी बढाउने र आम्दानी बढाउने तर्फ लाग्न सहकारीका प्रतिनिधिहरूलाई आग्रह गर्नुभयो । विभागले देशभरका व्यवसायीहरूलाई नियमित कर तिरे वापत सम्मान गर्दै आएको र सोमा सहकारी संघ संस्थाहरूलाई पनि समावेश गरिरहेको बताउनुभयो ।

सो कार्यक्रममा उहाँले साना करदाता र साना व्यवसायीहरूका लागि कर सरलीकरण र सहज व्यवस्था गरिने बताउनुभयो। करदाताले तिर्नुपर्ने कर भन्दा कर तिर्न जाने खर्च बढी हुने समस्याको सम्बोधन गर्न करदाताको पहुँच हुने स्थानमा कर प्रशासन पुऱ्याउने प्रयासमा लागिएको समेत बताउनुभयो । महानिर्देशक श्री शर्माले करदाताका लागि सूचना प्रविधिको माध्यमबाट कर अधिकृतहरूलाई नभेटी इन्टरनेटको सहायताले विवरण बुझाउने व्यवस्था अहिले पनि रहेको र सूचना प्रविधिकै माध्यमबाट बैंकमा रकम जम्मा गर्ने सम्मको सुविधा उपलब्ध गराउने योजना रहेको समेत सो अवसरमा जानकारी गराउनु भएको थियो ।



सहकारीमा कर विषयक अन्तर्क्रिया कार्यक्रममा विभागका महानिर्देशक श्री टंकमणि शर्मा, माननीय सभासद श्री केशवप्रसाद बडाल, श्री ओमदेवी जोशी लगायत ।

कार्यक्रममा माननीय सभासद तथा राष्ट्रिय सहकारी संघ लि. का अध्यक्ष श्री केशवप्रसाद वडालले बजेट तयारीको अवस्थामा छलफलमा जुटेकाले सबैको साझा दृष्टिकोण नेपाल सरकारको बजेटमा समेटियोस् भन्ने हेतुले कार्यक्रम आयोजना गरिएको बताउनुभयो। उहाँले रोजगारीको सिर्जना गर्न, रोजगारीको व्यवस्थापन गर्न र रोजगारमुखी बनाउनको लागि सहकारीले भूमिका निर्वाह गरेको बताउनुभयो। सहकारीले निजी क्षेत्रको लागि टेवा दिने बताउनुहुदै सहकारीले देशमा उत्पादन बढाएर निर्यात बढाउन योगदान गर्ने बताउनुभयो ।

कार्यक्रममा माननीय सभासद श्री ओमदेवी जोशीले सहकारी क्षेत्रको योगदानलाई मध्यनजर गरेर संविधानमा सहकारी क्षेत्रको काम कारवाहीलाई सहज बनाउनका लागि आफूहरूले पहल गर्ने बताउनुभयो। सहकारी विभागका कायमुकायम रजिष्ट्रार श्री विष्णु घिमिरेले नेपालको सहकारी अन्तर्राष्ट्रिय स्तरमा पुग्न राज्यलाई सकारात्मक सुझावहरू दिंदै कर तिर्ने वानीको समेत विकास गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी संघका पूर्व अध्यक्ष श्री दीपकप्रकाश बास्कोटाले सहकारी प्रणाली मार्फत् कृषिमा व्यवसायीकरण गरिनु पर्नेमा जोड दिंदै किसानहरूले उत्पादन गरेका वस्तुहरूमा र कृषि क्षेत्रमा गरिएका गतिविधिहरूको योगदानलाई मध्यनजर गरेर कर नलाग्ने व्यवस्था गर्नुपर्ने बताउनुभयो। उहाँले समाजमा मिलेर काम गर्ने वातावरणको विकास सहकारीले सिर्जना गरेको बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी संघ लि. का उपाध्यक्ष श्री विजयराज घिमिरेले सहकारी क्षेत्रमा करका सवालहरू विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा उपस्थित सहकारीका प्रतिनिधिहरूले गाउँघरका मानिसहरू कर तिर्न उत्साहित छन् भन्दै गाउँघरका व्यवसायीहरूलाई कर तिर्ने वातावरण सहज बनाइदिन कर प्रशासनसँग आग्रह गरेका थिए। सो क्रममा सहकारीका प्रतिनिधिहरूले विभागमा सहकारीका लागि छुट्टै डेस्कको व्यवस्था गरिदिन समेत आग्रह गरेका थिए ।


कार्यक्रममा उपस्थित सहभागीहरू

# अन्तर्राष्ट्रिय तालिम तथा भ्रमण

इटालीको रोममा मार्च ३१ देखि अप्रिल १८, २०१४ सम्म सञ्चालन भएको **Capacity Building Programme for Tax Crime Investigation** विषयक तालिममा आन्तरिक राजस्व विभागका निर्देशकहरू श्री गोपालप्रसाद घिमिरे र श्री खिमबहादुर कार्की सहभागी हुनुभयो ।

त्यसैगरी टर्कीको अंकारामा मार्च १७ देखि २१ सम्म आयोजित **MENA: Advance Auditing SMES** विषयक तालिममा निर्देशकहरू श्री कविराज पौडेल र श्री भीमसेन तिमल्सिना सहभागी हुनुभयो । अप्रिल ७ देखि ११ सम्म सञ्चाति **Auditing Multinational Enterprises** विषयक तालिममा उपमहानिर्देशक श्री गणेशप्रसाद पाण्डे र आन्तरिक राजस्व कार्यालय भरतपुरका प्रमुख कर अधिकृत श्री प्रेम उपाध्याय सहभागी हुनभयो । जुन २ देखि ६ सम्म **Transfer Pricing Safe Hharbours and Simplification** विषयक तालिममा आन्तरिक राजस्व कार्यालय लहान र महेन्द्रनगरका प्रमुख कर अधिकृतहरू श्री रामप्रसाद पाठक र मुक्तिराम आचार्य सहभागी हुनुभयो ।

अप्रिल २८ देखि मे ३ सम्म कोरियाको सियोलमा सञ्चालन भएको **Taxation of High Network Individuals** विषयक तालिममा शाखा अधिकृत श्री पिताम्बर खनाल, र आन्तरिक राजस्व कार्यालय दाङका कर अधिकृत श्री मनोज गौतमको सहभागिता रहेको थियो भने जनवरी २३ देखि २७

बाँकी ८ पेजमा...


**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
आन्तरिक राजस्व विभागको

## बहालधनीहरू करको दायरामा आउने सम्बन्धी अत्यन्त जरूरी सूचना

**आयकर ऐन, २०५८ बमोजिम प्रत्येक प्राकृतिक व्यक्तिले आफुले प्राप्त गरेको बहाल आयको दश प्रतिशतले हुने रकम बहालकर बापत राजस्व दाखिला गर्नुपर्ने र व्यावसायिक कारोबार गर्नेले बहाल रकम भुक्तानी गर्दा दश प्रतिशत रकम कट्टा गरी राजस्वमा दाखिला गरेपछि मात्र बाँकी रकम घरधनीलाई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।**

**घर, बंगला, पसल, कम्प्लेक्स, डिपार्टमेन्टल स्टोर्स, अपार्टमेन्ट, जमीन, मेशिनरी औजार लगायतका सम्पत्ति भाडामा लगाई वहाल आय आर्जन गरिरहेका व्यक्तिहरूलाई करको दायरामा ल्याउन आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूबाट कर्मचारीहरू घरदैलोमा खटाइसकिएका छन् । बहालयोग्य सम्पत्ति बहालमा लगाई आय आर्जन गरिरहेका तर बहालकर नतिरेका बहालधनीहरूले बहाल आय घोषणा फाराम भरी बहालकर बुझाई बहाल कर पुस्तिका अनिवार्य रुपमा लिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**


# लहानमा घरेलु मदिरा नियन्त्रण

**लहान ।** आन्तरिक राजस्व कार्यालय, लहानको कार्यक्षेत्र अन्तर्गत कर अधिकृत श्री रमेश ओझाको नेतृत्वमा नेपाल प्रहरीसहितको टोलीबाट २०७० फागुन १२ गते अबैद्य घरेलु मदिरा उत्पादन नियन्त्रणका लागि सिरहा जिल्लामा अनुगमन गरियो । अनुगमनका क्रममा भवानीपुर कालाबन्जर गा.बि.स. को माधोपुर, वडा नं ६ को राम टोल र लहान नगरपालिका, वडा नं. १ र २ का केही घरहरूमा घरेलु मदिरा अबैधरूपमा उत्पादन गरिरहेको पाईयो । अनुगमन टोलीले २२६० लिटर मदिरा



अवैध मदिरा नियन्त्रणमा लिइँदै

उत्पादन गरिरहेको अवस्थामा पाईएको कच्चा घरेलु मदिरा, १० किलोग्राम गुण(सखर) र ६०९ लिटर तयारी मदिरा बरामद गरेको थियो । जनताको स्वास्थ्यमा नकारात्मक असर पार्ने र राजस्व परिचालनलाई निरुत्साहित पार्ने अबैद्य मदिरा उत्पादन तथा बिक्री बितरणको कार्य गैरकानूनी भएको र यस प्रकारको कार्य नगर्न जानकारी गराई स्थानीय बासिन्दाहरूको रोहबर र सामुन्नेमा मुचुल्का गरी बरामद गरिएको सम्पूर्ण अबैद्य घरेलु मदिरा र मदिरा राखिएका प्लाष्टिकका भाँडाहरू जलाई नष्ट गरियो ।

# तनहुँमा करदाता शिक्षा

**तनहुँ ।** करदाता सेवा कार्यालय दमौली तनहुँको आयोजना र तनहुँ उद्योग वाणिज्य संघ भिमाद वजार ईकाई समितिको संयोजकत्वमा २०७० चैत ७ गते शुक्रवारका दिन भिमाद गा.वि.स हलमा एक दिवसीय करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो । जिल्लाका सम्पूर्ण उद्योगी व्यापारी, होटल व्यावसायी निकाय, संघ



दमौलीमा आयोजित करदाता शिक्षा कार्यक्रम

संस्था र विभिन्न वस्तुगत संघ, संस्थाका प्रतिनिधिहरू उपस्थित रहेको उक्त कार्यक्रममा कर अधिकृत श्री बुद्धिराज वसेलले कर र कर प्रणालीका विविध विषयमा प्रष्ट पार्नुभएको थियो । सो कार्यक्रममा कर अधिकृत श्री वसेलले करको दायरामा आएका करदाताहरूले कर कानुनको पूर्ण परिपालना गर्न र दायरामा नआएका करदाताहरूलाई करको दायरामा आउन समेत आग्रह गर्नुभयो । आयकर तथा मूल्य अभिवृद्धि कर दुवै तर्फ नन फाइलरको स्थिति विगत वर्षको तुलनामा बढ्दै गएकोले तत्काल कर प्रशासनमा गई आफ्नो स्थिति बुझ्न समेत आग्रह गर्नुभयो । सो स्थानमा करदाता शिक्षा कार्यक्रम पहिलो पटक भएकोमा खुसी व्यक्त गर्दै उपस्थित करदाताहरूले कर र कर प्रणालीका विषयमा जानकारी जनस्तरमै पुऱ्याउनमा यस्ता कार्यक्रम भईराख्नुपर्ने र समायानुकूल मू.अ.कर थ्रेसहोल्स बढाउनुपर्ने समेत सुझाव दिएका थिए ।

# उद्योग वाणिज्य महासंघसँग अन्तर्क्रिया



उद्योग वाणिज्य महासंघसंगको अन्तर्क्रियामा सहभागी प्रतिनिधिहरूको साथमा महानिर्देशक श्री टंकमणि शर्मा

**काठमाडौं ।** आन्तरिक राजस्व विभाग र नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा जेठ ८ गते बजेट सम्बन्धी अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका नव निर्वाचित प्रतिनिधिहरूलाई महानिर्देशक श्री टंकमणि शर्माले स्वागत गर्नु भएको थियो । कार्यक्रममा महानिर्देशक श्री शर्माले आर्थिक वर्षको बजेट तयारी भै रहेको अवस्थामा व्यवसायीहरूको मागहरू बजेटमा सम्बोधन गर्न छलफलको आयोजना गरिएको बताउनुभयो। उहाँले व्यवसायीहरूलाई "उच्च व्यवसायिक नैतिकताको सम्मान, करदाता मैत्री कर प्रशासनको अभियान" लाई सार्थक बनाउन आग्रह गर्नुभयो । उहाँले देशभरका उच्चतम कर सहभागिता जनाउने व्यवसायीहरूलाई सम्मान गर्ने क्रममा व्यवसायीहरूमा उत्साह देखेको बताउनुहुँदै करदातामैत्री सेवा प्रवाह गर्न विभाग सधैं तत्पर रहेको बताउनुभयो । सो कार्यक्रममा उहाँले करदाताहरूलाई विभिन्न वर्गमा वर्गीकरण गरिएको बताउनुहुदै देशभर करदाता सेवा कार्यालयहरू विस्तार गर्ने तयारीमा सरकार लागेको बताउनुभयो । सो क्रममा उहाँले व्यवसायीले मूल्य अभिवृद्धिकर विल काट्ने वित्तिकै कर कार्यालयमा हेर्न सकिने प्रविधिको विकास गर्न लागिएको समेत बताउनुभयो। सरकार सधैं व्यवसायीको पछि लागेर हेर्न नसक्ने बताउनुहुदै आफ्नो संस्था मार्फत् व्यवसायीहरूलाई कर तिर्न सचेत गराइदिन समेत आग्रह गर्नुभयो ।

कार्यक्रममा उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री प्रदीपजंग पाण्डेले व्यवसायी, सरकार र आम नागरिक सबैको जित जित (win win) को अवस्था सिर्जना गर्नुपर्ने बताउनुभयो। सबै व्यवसायी करको दायरामा आउनुपर्छ भन्नुहुदै करको दायरा फराकिलो बनाउने सन्दर्भमा सहयोग गर्न उद्योग वाणिज्य महासंघ सदैव तयार रहेको बताउनुभयो । व्यवसाय गरेपछि राज्यलाई कर तिर्नुपर्छ भन्नुहुदै व्यवसायमा घाटा हुंदा कर तिर्नु नगर्ने समेत जानकारी गराउनुभयो। उहाले करको दायरा अझै बढ्नुपर्ने बताउनुहुदै कर तिर्ने व्यक्ति कर प्रशासनको परिवार रहेको बताउनुभयो। उहाले करदातालाई कर तिरुँ तिरुँ लाग्ने वातावरण बनाउन विभागले भूमिका खेल्नुपर्ने बताउनुभयो । नाफा गर्ने वातावरण, लगानी गर्ने वातावरण बनाउन सरकारले पहल गरिदिन आग्रह गर्नुभयो । राजस्व न्यायाधिकरणमा राख्नुपर्ने धरौटीलाई कम गरिदिन आग्रह गर्दै अध्यक्ष श्री पाण्डेले कर प्रशासन उद्योगी, व्यवसायी मैत्री होस् भन्ने कामना गर्नुभयो । सो क्रममा उहाँले नयाँ उद्योग धन्दा खोल्नको लागि करमा सहुलियतको व्यवस्था गरिदिन आग्रह गर्दै आयात घटाउनका लागि कर छुटको व्यवस्था गर्न समेत आग्रह गर्नुभयो । देशका सबै व्यवसायीहरू करको दायरामा नआएको भन्दै आगामी बजेटमा फेरि पनि छुट सुविधाको व्यवस्था गरेर भए पनि करको दायरा विस्तार गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

## नेपाल भारत उद्योग वाणिज्य संघसँग अन्तर्क्रिया

**काठमाडौं ।** नेपाल भारत उद्योग वाणिज्य संघले जेठ ५ गते आर्थिक वर्ष २०७१/७२ को बजेट तथा राजस्व सम्बन्धी ऐनहरूमा व्यवस्था गर्नुपर्ने विषयको सम्बन्धमा राजस्व प्रशासनका पदाधिकारीहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा संघले आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन, अन्तःशुल्क




नेपाल-भारत उद्योग वाणिज्य संघको कार्यक्रममा श्री टंकमणि शर्मा

ऐन तथा भन्सार ऐनमा हाल रहेका केही व्यवस्थालाई समसामयिक परिमार्जन गर्नुपर्ने र कतिपय व्यवस्थालाई त्यसको आशय अनुसार कार्यान्वयन गर्नुपर्ने सम्बन्धमा कार्यपत्र पेश गरिएको थियो। संघका सदस्यहरूले कार्यपत्रका अतिरिक्त राजस्वका समसामयिक विषयमा समेत आआफ्नो धारणा राखेका थिए।

कार्यक्रममा प्रस्तुत भएको कार्यपत्र तथा सदस्यहरूले उठाएको विषयको सन्दर्भमा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले विभागले प्रशासन गर्ने ऐनहरूको सम्बन्धमा तथा भन्सार विभागका महानिर्देशक श्री सुरेश आचार्यले भन्सार विभागको तर्फबाट कार्यान्वयन गर्नु पर्ने विषयमा उठेका जिज्ञासाहरूको समाधान प्रस्तुत गर्नु भएको थियो। उक्त अवसरमा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले नेपाल सरकारले गरेको दोहोरो कर मुक्ति तथा वित्तिय छल निरोध सम्झौता भएको व्यवस्थालाई कार्यान्वयन गरिने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । त्यस्तै प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिने सम्बन्धमा राख्नु पर्ने धरौटी एवं निर्माण कार्य दर्ता भएका व्यक्तिबाट नगराई आफैले गरेमा त्यस सम्बन्धमा कर कानुनमा भएका व्यवस्था एवं त्यसको औचित्यता समेत स्पष्ट पार्नु भएको थियो। उक्त अवसरमा महानिर्देशक श्री शर्माले लगानीकर्ताहरूलाई कर कानुनको कुनै व्यवस्थामा द्विविधा परेमा विभागबाट त्यसलाई स्पष्ट पारिने हुँदा निर्धक्क भई लगानी गर्न तथा व्यवसाय सञ्चालन गर्न आग्रह गर्नुभयो ।

# सूर्तिजन्य पदार्थमा अन्तःशुल्क स्टिकर अनुगमनमा तीव्रता

**काठमाडौं ।** सूर्तिजन्य पदार्थको अनुगमनको लागि आन्तरिक राजस्व विभागका निर्देशकहरूको नेतृत्वमा पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चल विकास क्षेत्रहरूमा जेठ महिनाको तेस्रो साता अनुगमन टोली परिचालन गरिएको थियो । अनुगमनको क्रममा सूर्तिजन्य पदार्थको कारोवारमा अन्तःशुल्क टिकट टाँस नगरी बिक्री गरेको पाइएकोले छानविनका लागि २ वटा उद्योगहरूमा सिलवन्दी गरिएको छ भने अन्य २ वटा उद्योगहरूका सामान



बरामद गरिएको छ। कतिपय उद्योगका उत्पादित वस्तु तोकिए भन्दा बढी तौल भएको पाइएकोले अतिरिक्त तौलको अन्तःशुल्क असुलीको लागि कार्यालयलाई पत्राचार गरिएको छ ।

प्रचलित अन्तःशुल्क ऐन, नियम तथा निर्देशिकाको पालन नगरी सूर्ति काटेर बिक्री गर्ने दुइवटा उद्योगका कटिङ मेसिन, तौल गर्ने मेसिनसहित सम्पूर्ण सामग्री बरामद गरिएको छ ।

त्यसैगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेतको संलग्नतामा आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. ३ अन्तरगतको ग्रिन टोवाको कम्पनी प्रा.लि., अभिनव सूर्ति उद्योग प्रा.लि., ओम साइ सूर्ति उद्योग प्रा.लि. तथा आन्तरिक राजस्व कार्यालय भक्तपुर अन्तरगतको केरी टोवाको प्रालिमा सिलवन्दी गरी अनुसन्धान गर्ने कार्य समेत चलिरहेको छ ।

६ पेजको बाँकी...

सम्म सञ्चालित **International Tax avoidance and Abuse of Tax Treaties** विषयक तालिममा आन्तरिक राजस्व कार्यालय वीरगञ्जका प्रमुख कर अधिकृत श्री अर्जुनप्रसाद भट्टराई र विभागका शाखा अधिकृत श्री चन्दनकुमार कर्ण सहभागी हुनुभयो ।

साथै मार्च १० देखि १४ सम्म मलेसियामा आयोजित **Certified Data Center Professional and Certified Data Center Specialist** विषयक तालिममा निर्देशकहरू श्री चुडामणि ढुंगाना र श्री शिवकुमार पोखेल सहभागी हुनुभयो । त्यसैगरी जुन ३ देखि ५ सम्म इन्डोनेशियाको जाकार्तामा सम्पन्न भएको **Third Asian Tax Authorities Symposium (ATAS)** विषयक तालिममामा उपमहानिर्देशक श्री गणेशप्रसाद पाण्डेय र आन्तरिक राजस्व कार्यालय भैरहवाका प्रमुख कर अधिकृत श्री जनकराज शर्मा सहभागी हुनुभयो ।

# कर सम्बन्धी अन्तर्क्रिया तथा करदाता सम्मान

**धरान ।** आन्तरिक राजस्व कार्यालय, धरान र सुनसरी उद्योग बाणिज्य संघको संयुक्त आयोजनामा सुनसरी उद्योग बाणिज्य संघ, धरानको परिसरमा २०७० मंसिर २८ गते कर सम्बन्धी अन्तर्क्रिया तथा उत्कृष्ट करदाता सम्मान कार्यक्रम सञ्चालन गरियो ।

सो कार्यक्रमका प्रमुख अथिति पूर्वाञ्चल क्षेत्रीय प्रशासक श्री शंकरप्रसाद अधिकारीले उत्कृष्ट करदाताहरूलाई प्रशंसापत्र प्रदान गर्नुका साथै आन्तरिक राजस्व बिभागबाट भएको कर सुधार कार्यक्रमको सम्बन्धमा भएका प्रयासहरूको प्रशंसा गर्नु भएको थियो । आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख कर अधिकृत श्री तुलसीराम सेढाईले कार्यक्रमको आवश्यकता र औचित्यमाथि प्रकाश पार्नु भएको थियो ।




धरानमा आयोजित कार्यक्रममा सम्बोधन गर्नुहुँदै क्षेत्रीय प्रशासक श्री शंकरप्रसाद अधिकारी

सो अवसरमा यस कार्यालय अन्तर्गतका ७ जना उत्कृष्ट करदाताहरूलाई सम्मान समेत गरिएको थियो ।

त्यसैगरी यस कार्यालयको कार्य क्षेत्रअन्तर्गतको भोजपुर जिल्लामा समेत २०७० पौष ५ गते जिल्लाका प्रमुख तथा उद्योग बाणिज्य संघका अध्यक्ष तथा ब्यवसायीहरूको सहभागितामा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।

सो अवसरमा करदाताहरूलाई आयकर दर्ता, मू.अ.कर दर्ता, अन्तःशुल्क दर्ता र Personal e-PAN बितरण लगायतका सेवाहरू र Online बाट आयविवरण, कर विवरण र e-TDS विवरण पेश गर्ने प्रकृयाको बारेमा जानकारी प्रदान गरिएको थियो । सो कार्यक्रममा करदाताहरूलाई आर्थिक ऐन, २०७० ले दिएका छुट सुविधाको बारेमा समेत जानकरी गराउनुको साथै सो छुट सुविधासँग सम्बन्धित



धरानको कर शिविरमा उपस्थित व्यवसायीहरू

ब्रोसियर तथा प्रचार प्रसार सामाग्री बितरण गरिएको थियो । अन्तर्क्रिया कार्यक्रममा आन्तरिक राजस्व कार्यालय, धरानको तर्फबाट कर कार्यान्वयनको अवस्था बिषयक कार्यपत्र प्रस्तुत गरिएकोमा कार्यपत्र माथि सुनसरी उद्योग बाणिज्य संघका प्रथम उपाध्यक्ष श्री कृष्ण अग्रवालले टिप्पणी गर्नु भएको थियो ।



कुनै पनि कारोवार गर्नु अगाडि स्थायी लेखा नम्बर प्यान लिन नबिर्सौं ।

## १ पेजको बाँकी...

असुली रू २४ अर्व ४० करोड ४६ लाख ४९ हजार भएको छ । शिक्षा सेवा शुल्क र स्वाथ्य सेवा कर तर्फ लक्ष्य रू ३३ करोड ४४ लाख ७९ हजार र ३६ करोड ८ लाख ४६ हजारको तुलनामा असुली क्रमश: रू ३९ करोड ७३ लाख २८ हजार र रू ४१ करोड ८६ लाख ९३ हजार भएको छ । यसरी आयकर, मूल्यअभिवृद्धि कर, अन्त:शुल्क, शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर तर्फ लक्ष्यको तुलनामा प्रगति क्रमश: १०१ प्रतिशत, १०५ प्रतिशत, १०४ प्रतिशत, ११९ प्रतिशत र ११६ प्रतिशत भएको छ । सो रकम गत वर्षको तुलनामा आयकरतर्फ ११३ प्रतिशत, मु.अ. कर तर्फ १२१ प्रतिशत र अन्त:शुल्क तर्फ १२७ प्रतिशतले बढी हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करतर्फ वृद्धिदर क्रमश: १४४ प्रतिशत र १३१ प्रतिशत रहेको छ ।

## राजस्व संकलनको कार्यालयगत विश्लेषण

आन्तरिक राजस्व विभाग अन्तर्गतका २३ वटा आन्तरिक राजस्व कार्यालयहरूमध्ये आ.व. २०७०/७१ को जेठ महिनासम्ममा १७ वटा कार्यालयहरूले निर्धारित लक्ष्यभन्दा बढी राजस्व असुली गर्न सफल भएका छन् । अन्य ६ वटा कार्यालयहरूले लक्ष्य बमोजिमको असुली गर्न सकेका छैनन् । यसरी लक्ष्यभन्दा बढी राजस्व असुली गर्न सफल कार्यालयहरूमध्ये आन्तरिक राजस्व कार्यालयहरू कृष्णनगर, काठमाडौं क्षेत्र नं. २, भैरहवा र जनकपुरले लक्ष्यको तुलनामा क्रमश: १४७ प्रतिशत, १२४ प्रतिशत, १२४ प्रतिशत र १२३ प्रतिशतको उपलब्धि हासिल गरेका छन्। लक्ष्यको तुलनामा ११० प्रतिशतभन्दा बढी असुली गर्ने अन्य कार्यालयहरूमा आन्तरिक राजस्व कार्यालयहरू लहान, वीरगञ्ज, धनगढी, महेन्द्रनगर र दाङ रहेका छन् ।

| Officewise Comparative Target & Performance Report of FY 2069/70 &FY 2070/71 Upto JESTHA | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | Rs.'000 |
| S.N. | Office Name | FY 2069/70 | | | FY 2070/71 | | | | Collection's Percentage | | | |
| | | | | | | | | | FY 2069/70 | | FY 2070/71 | |
| | | YEARLY TARGET | TARGET UPTO JESTHA | COLLEC-TION UPTO JESTHA | YEARLY TARGET | TARGET UPTO JESTHA | COLLEC-TION UPTO JESTHA | Comparative Growth Rate Upto JESTHA | YEARLY TAR-GET | TARGET UPTO JESTHA | YEARLY TARGET | TARGET UPTO JESTHA |
| 1 | Bhadrapur | 760973 | 682322 | 726086 | 1020649 | 869658 | 936990 | 129 | 95 | 106 | 92 | 108 |
| 2 | Biratnagar | 3710933 | 3245967 | 2519465 | 3657312 | 3056218 | 2958672 | 117 | 68 | 78 | 81 | 97 |
| 3 | Dharan | 1271843 | 1119311 | 1123663 | 1629654 | 1387381 | 1405862 | 125 | 88 | 100 | 86 | 101 |
| 4 | Janakpur | 815317 | 639192 | 649808 | 1024531 | 785404 | 965885 | 149 | 80 | 102 | 94 | 123 |
| 5 | Lahan | 761125 | 681556 | 673757 | 937087 | 827972 | 930349 | 138 | 89 | 99 | 99 | 112 |
| 6 | Simara | 6620134 | 5901566 | 5376402 | 7038909 | 6377092 | 6301445 | 117 | 81 | 91 | 90 | 99 |
| 7 | Birgunj | 4739758 | 3718613 | 3318821 | 5174045 | 4152623 | 5040469 | 152 | 70 | 89 | 97 | 121 |
| 8 | Hetauda | 1393545 | 1197067 | 1458722 | 2088560 | 1799394 | 1698842 | 116 | 105 | 122 | 81 | 94 |
| 9 | Bharatpur | 6405823 | 5648817 | 5785589 | 8264486 | 7101455 | 7215470 | 125 | 90 | 102 | 87 | 102 |
| 10 | Dhangadi | 599107 | 537975 | 568290 | 824667 | 717938 | 802190 | 141 | 95 | 106 | 97 | 112 |
| 11 | Mahendranagar | 347294 | 299298 | 308861 | 433522 | 374644 | 440761 | 143 | 89 | 103 | 102 | 118 |
| 12 | Pokhara | 2111891 | 1724576 | 1603304 | 2353073 | 1867483 | 1892588 | 118 | 76 | 93 | 80 | 101 |
| 13 | Lalitpur | 3930991 | 3491427 | 3600727 | 4750135 | 4114686 | 4140909 | 115 | 92 | 103 | 87 | 101 |
| 14 | Bhairahawa | 1530820 | 1409596 | 1317529 | 1848313 | 1646693 | 2017981 | 153 | 86 | 93 | 109 | 123 |
| 15 | Ktm 3 | 6860992 | 5940058 | 5795488 | 7856866 | 6750871 | 6609033 | 114 | 84 | 98 | 84 | 98 |
| 16 | Nepalgunj | 1130482 | 987612 | 928969 | 1419561 | 1182566 | 1169530 | 126 | 82 | 94 | 82 | 99 |
| 17 | Ktm 1 | 8734031 | 7146701 | 6803445 | 9132925 | 7596743 | 7872682 | 116 | 78 | 95 | 86 | 104 |
| 18 | ktm 2 | 3675646 | 2829107 | 2777890 | 3860617 | 3233351 | 3999282 | 144 | 76 | 98 | 104 | 124 |
| 19 | Bhaktapur | 1252474 | 1160311 | 1200664 | 1649570 | 1454301 | 1381617 | 115 | 96 | 103 | 84 | 95 |
| 20 | Krishnanagar | 417172 | 360201 | 377640 | 561174 | 437146 | 643686 | 170 | 91 | 105 | 115 | 147 |
| 21 | Butwal | 1550032 | 1371954 | 1320257 | 1874468 | 1612722 | 1683333 | 128 | 85 | 96 | 90 | 104 |
| 22 | Dang | 439763 | 366444 | 386986 | 543292 | 439639 | 502274 | 130 | 88 | 106 | 92 | 114 |
| 23 | LTO | 59595581 | 49213517 | 50734666 | 69814819 | 56779457 | 56812309 | 112 | 85 | 103 | 81 | 100 |
| Total | | 118655727 | 99673188 | 99357029 | 137758235 | 114565437 | 117422159 | 118 | 84 | 100 | 85 | 102 |

# कार्यगत लक्ष्य प्रगतिको अवस्था

आन्तरिक राजस्व विभाग अन्तर्गतका २३ वटा आन्तरिक राजस्व कार्यालयहरूको आ.व. २०७०/७१ र आ.व. २०६९/७० को जेठ महिनासम्मको तुलनात्मक कार्यगत लक्ष्य प्रगतिको अवस्था हेर्दा आ.व. २०७०/७१

| Grading Report (ALL IRO, TSO, LTO) up to Jestha - 7071 | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Office Name | Audit | | Appeal | | Collection | | Investigation | | TP Services | | Total | |
| | | Performance | Grade | Performance | Grade | Perfor-mance | Grade | Perfor-mance | Grade | Perfor-mance | Grade | Perfor-mance | Grade |
| 1 | Dhangadhi - 20 | 104.44 | A++ | | | 104.71 | A++ | | | 106.35 | A++ | 105.11 | A++ |
| 2 | Mahendranagar - 21 | 98.26 | A++ | | | 102.58 | A++ | | | 106.05 | A++ | 102.11 | A++ |
| 3 | LTO - 52 | 100.76 | A++ | 100 | A++ | 95.71 | A++ | 98.68 | A++ | 107 | A++ | 99.66 | A++ |
| 4 | Bhaktapur - 29 | 101.12 | A++ | | | 104.35 | A++ | | | 89.75 | A+ | 98.84 | A++ |
| 5 | Dharan - 13 | 106.24 | A++ | | | 84.68 | A | | | 106.4 | A++ | 98.74 | A++ |
| 6 | Simara - 16 | 99.26 | A++ | | | 93.67 | A+ | | | 98.6 | A++ | 97.11 | A++ |
| 7 | Bharatpur - 19 | 103.48 | A++ | | | 97.07 | A++ | | | 87.9 | A+ | 96.56 | A++ |
| 8 | KTM 2 - 28 | 89.33 | A+ | | | 105.84 | A++ | 90.3 | A+ | | | 95.37 | A++ |
| 9 | Bhadrapur - 11 | 91.73 | A+ | | | 102.2 | A++ | | | 91.1 | A+ | 95.21 | A++ |
| 10 | Lalitpur - 23 | 87.23 | A+ | | | 93.22 | A+ | | | 103.27 | A++ | 94.14 | A+ |
| 11 | Pokhara - 22 | 86.26 | A+ | | | 100.03 | A++ | | | 93.45 | A+ | 93.24 | A+ |
| 12 | Bhairahawa - 24 | 91.29 | A+ | | | 88.81 | A+ | | | 98.95 | A++ | 92.72 | A+ |
| 13 | KTM 3 - 25 | 86.96 | A+ | | | 90.49 | A+ | 97.5 | A++ | | | 92.69 | A+ |
| 14 | Janakpur - 14 | 95.52 | A++ | | | 91.48 | A+ | | | 90.45 | A+ | 92.59 | A+ |
| 15 | Biratnagar - 12 | 93.31 | A+ | | | 81.87 | A | | | 103.47 | A++ | 92.35 | A+ |
| 16 | Nepalgung - 26 | 85.86 | A+ | | | 99.39 | A++ | | | 89.86 | A+ | 91.8 | A+ |
| 17 | KTM 1 - 27 | 72.78 | B | | | 102.55 | A++ | 101.7 | A++ | | | 91.71 | A+ |
| 18 | Dang - 51 | 90.89 | A+ | | | 83.4 | A | | | 98.06 | A++ | 90.42 | A+ |
| 19 | Lahan - 15 | 87.01 | A+ | | | 92.93 | A+ | | | 88 | A+ | 89.38 | A+ |
| 20 | Birgunj - 17 | 98.89 | A++ | | | 85.09 | A+ | | | 82 | A | 88.99 | A+ |
| 21 | Hetaunda - 18 | 96.13 | A++ | | | 87.36 | A+ | | | 82.11 | A | 88.85 | A+ |
| 22 | Butwal - 33 | 72.71 | B | | | 97.12 | A++ | | | 90.92 | A+ | 86.72 | A+ |
| 23 | Krisnanagar - 30 | 81.12 | A | | | 83.47 | A | | | 84.71 | A | 83.02 | A |
| IRD Performance:94.46(A+) | | | | | | | | | | | | | |

| Grading Scheme | |
|---|---|
| Grade | Percentage |
| A++ | 95 - 100 |
| A+ | 85 - 95 |
| A | 75 - 85 |
| B | 65 - 75 |
| C | 50 - 65 |

| IROs Up to Jestha | | | |
|---|---|---|---|
| | 2069.7 | | 2070.71 |
| A++ | 8 | | 9 |
| A+ | 14 | | 13 |
| A | 1 | | 1 |

| | Internal Monitoring System | | | | | |
|---|---|---|---|---|---|---|
| | TSO Grading Report up to Jestha - 7071 | | | | | | |
| | | Collection | | TPS | | Total | |
| | Office Name | Performance | Grade | Performance | Grade | Performance | Grade |
| 1 | TSO, Thamel | 106 | A++ | 105 | A++ | 105.9 | A++ |
| 2 | TSO, Tangal | 104 | A++ | 104 | A++ | 103.9 | A++ |
| 3 | TSO, Koteshwor | 108 | A++ | 92 | A+ | 100.2 | A++ |
| 4 | TSO, Kalimati | 106 | A++ | 92 | A+ | 98.6 | A++ |
| 5 | TSO, Kalanki | 105 | A++ | 90 | A+ | 97.6 | A++ |
| 6 | TSO, Putalisadak | 105 | A++ | 86 | A+ | 95.6 | A++ |
| 7 | TSO, New Baneshwor | 103 | A++ | 88 | A+ | 95.3 | A++ |
| 8 | TSO, Tripureshwor | 106 | A++ | 82 | A | 94 | A+ |
| 9 | TSO, Battisputali | 102 | A++ | 83 | A | 92.7 | A+ |
| 10 | TSO, Balaju | 104 | A++ | 81 | A | 92.6 | A+ |
| 11 | TSO, New Road | 97 | A++ | 87 | A+ | 91.9 | A+ |
| 12 | TSO, Maharajgunj | 99 | A++ | 84 | A | 91.2 | A+ |
| 13 | TSO, Chabahil | 100 | A++ | 80 | A | 90.2 | A+ |
| | Office Performance:96.12(A++) | | | | | | |

| Grading Scheme | |
|---|---|
| Grade | Percentage |
| A++ | 95 - 100 |
| A+ | 85 - 95 |
| A | 75 - 85 |
| B | 65 - 75 |
| C | 50 - 65 |

| TSOs Up to Jestha | | |
|---|---|---|
| | 2070 | 2071 |
| A++ | 4 | 7 |
| A+ | 7 | 6 |
| A | 2 | 0 |

मा ९ वटा र आ.व. ०६९/७० मा ८ वटा कार्यालयहरूले ९५ प्रतिशतभन्दा बढी प्रगति गरी A++ ग्रेडिङ प्राप्त गरेका छन् । त्यसैगरी आ.व. २०७०/७१ मा १३ वटा र २०६९/७० मा १४ वटा आन्तरिक राजस्व कार्यालयहरूले ८५ प्रतिशतभन्दा बढी प्रगति गरेर A+ ग्रेडिङ प्राप्त गरेका छन् भने दुवै आर्थिक वर्षमा एउटा मात्र आन्तरिक राजस्व कार्यालयले ७५ प्रतिशतभन्दा बढी प्रगति हासिल गरी A ग्रेडिङ प्राप्त गरेको छ ।

त्यसैगरी काठमाडौं उपत्यका अन्तर्गतका १३ वटा करदाता सेवा कार्यालयहरू तर्फ आ.व. २०७०/७१ र २०६९/७० को जेठ महिनासम्मको तुलनात्मक कार्यगत लक्ष्य प्रगतिको अवस्था हेर्दा २०७०/७१ मा ७ वटा र आ.व. ०६९/७० मा ४ वटा कार्यालयहरूले ९५ प्रतिशतभन्दा बढी प्रगति गरी A++ ग्रेडिङ प्राप्त गरेका छन् । त्यसैगरी आ.व. २०७०/७१ मा ६ वटा र २०६९/७० मा ७ वटा कार्यालयहरूले ८५ प्रतिशतभन्दा बढी प्रगति गरेर A+ ग्रेडिङ प्राप्त गरेका छन् भने ०६९/७० मा २ वटा कार्यालयहरूले ७५ प्रतिशतभन्दा बढी प्रगति हासिल गरी A ग्रेडिङ प्राप्त गरेको छ ।



करसम्बन्धी दायित्वहरू समयमा नै पूरा गरी सचेत नागरिकको परिचय दिऔं ।

# उच्चतम कर सहभागिता जनाउने करदाताहरूलाई सम्मान

**महेन्द्रनगर ।** आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगरले जेठ ६ गते "आगामी बजेटमा राजस्व नीति विषयक अन्तरक्रिया तथा करदाता सम्मान कार्यक्रम" को आयोजना गरी उच्चतम सहभागिता सहित बढी आयकर तिर्ने करदाताहरूलाई एक समारोहका बिच सम्मान गरेको छ ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले सम्मानित करदाताहरूलाई अझ वढी कर तिरी सम्मानित नागरिकको पहिचान वनाउन आग्रह गर्नु भयो । उहाँले करले सम्मान र कारवाही दुवै गर्छ भन्नुहुँदै कर प्रणाली भित्र रही आफ्नो कारोवार गर्ने र उचित कर तिर्ने करदाताहरू सम्मानित हुन्छन् भने कर छली गर्ने, किर्ते कार्य गर्ने करदाताहरू कारवाहीको दायरामा पर्ने पनि वताउनु भयो ।

कार्यक्रमका आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगरका प्रमुख



महेन्द्रनगरमा सम्मानित करदाताहरूका साथ महानिर्देशक

कर अधिकृत श्री मुक्तिराम आचार्यले कर तिर्नु गौरव र सम्मान दुवै भएको बताउनुहुँदै सम्पूर्ण करदाताहरूलाई सम्मानित हुने अवसर सृजना गर्न आग्रह गर्नु भएको थियो । उक्त कार्यक्रममा आगामी आर्थिक वर्ष २०७१/७१ को बजेटमा समावेश गर्न सुझावहरू समेत संकलन गरिएको थियो ।

सो कार्यक्रममा आ.व. २०६८।०६९ मा उच्चतम सहभागिता सहित बढि आयकर दाखिला गर्ने आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर अन्तरगतका करदाताहरू श्री कञ्चन विकास वैक, ठकुराठी इन्टर प्राइजेज, स्नेहा ट्रेड एण्ड सप्लायर्स साथै कञ्चनपुर जिल्लावाट महाकाली विकास वैक, डडेलधुरा जिल्लावाट पाठक एण्ड सन्स, वैतडी जिल्लावाट न्यू पाण्डे वाइन सेन्टर र दार्चुला जिल्लावाट ठगुन्ना जनरल स्टोरलाई सम्मान गरिएको थियो ।

**धनगढी ।** आन्तरिक राजस्व कार्यालय धनगढीले जेठ ७ गते पूर्वबजेट, छलफल अन्तर्क्रिया तथा करदाता सम्मान कार्यक्रम आयोजना गरी आ.व. २०६८/६९ मा आयकर तर्फ उच्चतम कर सहभागिता जनाउने ७ वटा व्यवसायिक पतिष्ठानहरूलाई सम्मान गरेको छ ।



धनगढीमा सम्मानित करदाताहरूका साथ महानिर्देशक श्री शर्मा

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले आगामी वर्षमा बन्ने बजेटमा सुदूरपश्चिमबासी करदाताहरूबाट प्राप्त राय सल्लाह सुझावलाई यथाशक्य समायोजित गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । करको दर नबढाई दायरा विस्तार गर्न सकेमा मात्र राजस्व नीतिले लिएका लक्ष्यहरू हासिल गर्न सकिने समेत उहाँको धारणा थियो ।

आन्तरिक राजस्व कार्यालय धनगढी कैलालीका प्रमुख कर अधिकृत श्री दुर्गादत्त भण्डारीले सम्मानित करदाताहरूलाई आगामी दिनहरूमा उच्चतम कर सहभागिता हासिल गर्न थप जिम्मेवारी बोध हुनुपर्ने तथा सम्मानित नभएका करदाताहरूलाई आगामी वर्षहरूमा सम्मानित हुने गरी व्यवसाय सञ्चालन गर्ने र उच्चतम कर सहभागिता हासिल गर्ने तर्फ लाग्नुपर्ने धारणा राख्नु भएको थियो ।

सो कार्यक्रममा सम्मानित हुने करदाताहरूमा मालिका विकास वैंक कैलाली, राज श्री फुड इण्डष्ट्रिज कैलाली, नेशनल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजी कैलाली, त्रिपुरा सुन्दरी निर्माण सेवा अछाम, बडिमालिका मार्केटिङ बाजुरा, ठेक्का मेरो कन्स्ट्रक्सन डोटी र मुनाल कन्स्ट्रक्सन बझाङ रहेका छन् ।

सो कार्यक्रममा आर्थिक वर्ष २०६९/७० मा आन्तरिक राजस्व कार्यालयमा धनगढीमा कार्यरत कर्मचारीहरू मध्ये उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरू कर अधिकृत श्री केशवकुमार भण्डारी र नासु श्री मणिप्रकाश रिजाललाई सम्मान पत्र प्रदान गरिएको थियो ।

**लहान ।** आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले वैशाख १९ गते आन्तरिक राजस्व कार्यालय लहानमा आयोजित एक कार्यक्रमको बीच उच्चतम कर सहभागिता जनाउने करदाताहरूलाई सम्मान गर्नु भएको छ । महानिर्देशक श्री शर्माबाट आन्तरिक राजस्व कार्यालय लहानको निरीक्षण गर्नुभई कर्मचारीहरूलाई आवश्यक निर्देशन समेत दिनु भएको थियो ।

कार्यक्रममा सम्मानित करदाताहरूलाई वधाई दिनुहुँदै महानिर्देशक श्री शर्माले कर प्रशासनले प्रथम कर अधिकृत स्वयं


वहाल आयमा १० प्रतिशत कर तिरौं ।



लहानमा सम्मानित करदाताहरूका साथ महानिर्देशक

करदातालाई नै वनाएको र आफ्नो सम्पूर्ण कारोवारको हिसाव आफै राख्ने, विवरण भर्न पाउने व्यवस्थाले करदाताहरूलाई विश्वास गरेको एवं सुविधा दिएको बताउनुभयो । उहाँले आगामी दिनमा पनि करदाता मैत्रि कर प्रशासनको विकास गरी करसंग डर होइन भर गर्ने कर प्रशासनको विकास गर्न विभाग लागिपरेको जानकारी दिनुभयो । त्यस्तै कर लिन मात्र होइन कर तिर्ने र सम्मानित नागरिक बन्ने अवसर विभागले गत वर्षदेखि शुरु गरेको बताउनुहुदै करदातालाई उच्च व्यवसायिक नैतिक आचरण अपनाउन आग्रह गर्नुभयो । आगामी दिनहरूमा करदाता संख्या र करदाताको सुविधालाई ध्यान दिंदै नयाँ स्थानमा पनि करदाता सेवा कार्यालय स्थापना हुंदै जाने समेत जानकारी गराउनु भएको थियो । सोही अवसरमा महानिर्देशक श्री शर्मासंग उद्योग वाणिज्य संघका प्रतिनिधीहरूको कर सम्वन्धी नीतिगत विषयमा अन्तर्क्रियात्मक कार्यक्रम समेत सम्पन्न भएको थियो । उक्त अवसरमा करदाताहरूले राखेका विभिन्न जिज्ञासाहरूलाई महानिर्देशक श्री शर्माले सम्बोधन गर्नु भएको थियो ।

आन्तरिक राजस्व कार्यालय लहानका प्रमुख कर अधिकृत श्री रामप्रसाद पाठकले सम्मानित हुने करदाताहरूलाई वधाई तथा उपस्थित प्रमुख अतिथि, विशेष अतिथि र अतिथिहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रममा सिरहा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री अनिलकुमार ठाकुर, आन्तरिक राजस्व कार्यालय, विराटनगर र धरानका प्रमुख कर अधिकृत क्रमशः श्री गोपालप्रसाद कोइराला एवं तुलसिराम सेढाई, सगरमाथा अञ्चलका ५ वटै जिल्लाका विभिन्न क्षेत्रका करदाता, उद्योग वाणिज्य संघका प्रतिनिधिहरू लगायत लहानस्थित सरकारी तथा गैर सरकारी निकायका प्रमुखहरूको समेत उपस्थिती रहेको थियो ।

कार्यक्रममा कार्यालय अन्तर्गत आर्थिक वर्ष २०६८/६९ मा सबैभन्दा बढी आयकर दाखिला गर्ने सोलुखुम्वुका हिमाली स्वास्थ्य तथा वातावरणीय सेवा, ओखलढुंगाका करुणा अर्डर तथा सप्लायर्स, खोटाङका दिक्तेल ईंगलिस बोर्डिङ स्कुल, उदयपुरका सुवाष आयल विक्री केन्द्र, सिरहाका श्रमजीवि वचत तथा ऋण सहकारी संस्था लिमिटेड र सप्तरीका मल्टिपरपस फाइनान्स कम्पनी लिमिटेड गरी ६ वटा करदाताहरूलाई महानिर्देशक श्री शर्माले कदरपत्र सहित सम्मान गर्नु भएको थियो । सम्मानित हुने करदाताहरू मध्ये हिमाली स्वास्थ्य तथा वातावरणीय सेवाका तर्फवाट निमातेन्दुप शेर्पा र दिक्तेल ईंगलिस बोर्डिङ स्कुलका तर्फवाट धनकर्ण श्रेष्ठले आफ्नो मन्तव्यको क्रममा विभागको करदाता सम्मान गर्ने कार्यक्रमले करदातालाई उत्साहित बनाएको बताउदै इमान्दारी पूर्वक कर कानूनको पालना गरेमा पुरस्कृत समेत भइने रहेछ भन्ने कुराको पुष्टि भएको बताउनुभयो ।

**भरतपुर ।** आन्तरिक राजस्व कार्यालय, भरतपुरले कार्यालय अन्तर्गत दर्ता रहेका करदाताहरू मध्ये तीन व्यवसायिक प्रतिष्ठानहरूलाई वैशाख २९ गते एक कार्यक्रमकाबीच सम्मान गरेको छ । कार्यालय प्रांगणमा आयोजना भएको बजेट छलफल, अन्तरर्क्रिया



आन्तरिक राजस्व कार्यालय भरतपुरद्वारा आयोजित कार्यक्रम

तथा करदाता सम्मान कार्यक्रममा सेवा, स्वास्थ्य र वित्तीय क्षेत्र गरी तीन व्यापार समूह अन्तर्गतका एक एक वटा करदाताहरूलाई सम्मान गरिएको हो । सम्मानित हुने करदाताहरूमा गौरीशंकर डेभलपमेन्ट बैंक लि., नारायणी सामूदायिक हस्पिटल लि. र नारायणी स्टेट कम्पनी प्रा. लि. रहेका छन् ।

अर्थ मन्त्रालय राजस्व ब्यबस्थापन महाशाखा प्रमुख श्री राजन खनालले नेपाल सरकारको नीति करको दर बढाउने नभएर करको दायरा फराकिलो पार्ने रहेको र सरकार र नीजि क्षेत्र लगायत सबै सरोकार पक्षसंग आपसी छलफल, अन्तरक्रिया र सम्वाद गरी करको नीति समयानुकुल परिवर्तन गर्ने गरेको जानकारी दिनुभएको थियो ।

आन्तरिक राजस्व बिभागका महानिर्देशक श्री टंकमणि शर्माले विगत केहि वर्ष यता संशोधन हुन नसकेको राजस्व नीति आउदो आर्थिक बर्षमा संशोधन हुने र कर प्रशासनले खराब करदातालाई दण्डित मात्र नगरी असल करदातालाई सम्मान गर्ने परम्परा प्रारम्भ गरेको र यसले समग्र व्यवसायीलाई कर तिर्न उत्प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभयो ।

चितवनका प्रमुख जिल्ला अधिकारी श्री नरेन्द्रराज शर्माले कर तिर्ने कुरामा कोही पनि पछि पर्न नहुने बताउनु भयो । कार्यक्रमका उद्योग बाणिज्य संघ चितवनका अध्यक्ष कल्याण जोशी, रत्ननगर उद्योग बाणिज्य संघका अध्यक्ष ज्ञानबहादुर बिसुराल, उद्योग संघ चितवनका महासचिब राजु पौडेल, उद्योग बाणिज्य संघ गैडाकोटका उपाध्यक्ष दिपक सापकोटा लगायत अन्य बक्ताहरूले कर प्रशासनले प्रारम्भ गरेको करदाता सम्मान कार्यक्रम र बजेट छलफल कार्यक्रम सह्रानीय रहेको बताउनु भएको थियो भने प्रमुख कर अधिकृत श्री प्रेम उपाध्यायले स्वागत मन्तव्य राख्नु भएको थियो ।

सम्मानित करदाताहरूको तर्फबाट आफ्नो धारणा राख्दै गौरीशंकर डेभलपमेन्ट बैंक लि., का कार्यकारी अधिकृत श्री ज्योतिप्रसाद कडेलले कार्यालयले प्रदान गरेको सम्मान कार्यक्रमले थप कर तिर्न हौसला प्रदान गरेको र यसबाट समग्र व्यवसायी मम्मानित भएको बताउनु भएको थियो ।

**कृष्णनगर ।** महानिर्देशक श्री टंकमणि शर्माले वैशाख ११ गते आन्तरिक राजस्व कार्यालय कृष्णनगर अन्तर्गतका उच्चतम कर सहभागिता जनाउने करदाताहरूलाई सम्मान गर्नु भएको छ । सम्मान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महानिर्देशक श्री शर्माले कर लिने मात्र होइन, करदाताहरूलाई सम्मानित नागरिक बन्ने अवसर समेत विभागले गत वर्ष देखि शुरु गरेको बताउनुहुदै व्यावसायिक



कृष्णनगरमा सम्मानित करदाताहरूका साथ महानिर्देशक श्री शर्मा

नैतिकता अनुसार आर्थिक कारोबार गर्न आग्रह गर्नुभएको थियो ।

महानिर्देशक श्री शर्माले अन्य व्यक्तिका नाममा व्यापार व्यवसाय सञ्चालन गरेर कर छल्ने समेत प्रवृत्ति देखिएकाले त्यस्ता खाले गतिविधिप्रति विभागले विशेष निगरानी बढाएको बताउनु भयो । राज्यको नीति नियम र व्यवसायिक मर्यादा विपरित कर छल्ने त्यस्ता खराब नियत भएका केही व्यवसायीका कारण सबै बदनाम हुने अवस्था आउने भएकाले त्यसप्रति सबै सचेत हुनुपर्नेमा श्री शर्माको जोड थियो । सामाजिक उत्तरदायित्व सहितको व्यावसायिक मर्यादा पालना गर्दै आफूले तिर्नु पर्ने कर समयमै तिरेर सभ्य नागरिकको पहिचान दिन आग्रह गर्नुहुदै करको प्रमाणपत्र लिएर व्यवसायिक कारोबार गरेर पनि शुन्य विवरण पेश गर्ने प्रति अनुसन्धान गर्न मातहतका कर्मचारीलाई निर्देशन दिनुभएको थियो । करको दायरा बढाउने तथा व्यवसायी मैत्री कर प्रणाली निर्माण गर्ने विषयमा विभाग गम्भीर रहेको भन्नुहुदै महानिर्देशक श्री शर्माले मनसायगत रूपले कर छली गर्ने वा करको दायरामा नआएकालाई कारबाही गर्ने दृढता व्यक्त गर्नुभयो ।

कृष्णनगरमा आयोजित सो कार्यक्रममा वीजार्ड फ्रेगनेन्स उद्योग, बुद्ध इन्टरप्राइजेज र गणपति रोजिन एण्ड टर्पेन्टाइन इण्डष्ट्रिज प्रा.लि.लाई सम्मान गरिएको थियो ।

**भैरहवामा** आन्तरिक राजस्व कार्यालय भैरहवाले वैशाख १२ गते आयोजना गरेको एक कार्यक्रमकाबीच आर्थिक बर्ष २०६८।६९ मा उच्चतम कर सहभागिता जनाउने सिद्धार्थ फाइनान्स




भैरहवामा सम्मानित करदाताहरूका साथ महानिर्देशक श्री शर्मा

लिमिटेड भैरहवाका प्रमुख कार्यकारी अधिकृत बाबुकाजी शाक्य, एसियन फार्मास्युटिकल्स प्रा.लि.का प्रबन्ध निर्देशक हुतानन्द खनाल, श्रीकृष्ण नेत्रालयका प्रोप्राइटर डा. सुदर्शनप्रसाद धिताल र ओम चिउरा उद्योग नवलपरासीका प्रोप्राइटर ओमप्रकाश अग्रहरीलाई उत्कृष्ट करदाताका रूपमा महानिर्देशक श्री टंकमणि शर्माबाट सम्मानित गरिएको छ ।

प्रमुख कर अधिकृत श्री जनकराज शर्माको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा रूपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री बालकृष्ण पन्थी, आन्तरिक राजस्व विभागका उप-महानिर्देशक श्री लक्ष्मीप्रसाद यादव, आन्तरिक राजस्व विभागका निर्देशकहरू श्री महाराज कोइराला, श्री ध्यानकुमार थापा, सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष विष्णु शर्मा, उद्योग वाणिज्य संघ नवलपरासीका अध्यक्ष बैजनाथ जैसवालले सम्मानित हुने करदाताहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो ।

**बुटवलमा** आन्तरिक राजस्व कार्यालय बुटवलले वैशाख १२ गते आयोजना गरेको एक कार्यक्रमकाबीच महानिर्देशक श्री



बुटवलमा सम्मानित करदाताहरुका साथ महानिर्देशक

टंकमणि शर्माले आ.व. २०६८/०६९ मा उच्चतम करसहभागिता जनाउने पश्चिमाञ्चल डेभलपमेण्ट बैंक, शिवशक्ति सोप इण्डष्ट्रिज र स्टाण्डर्ड लुब्रिकेसन, पाल्पा जिल्लाका बरुण कन्सट्रक्सन सेवा, गुल्मी जिल्लाको साइन रेसुंगा डेभलपमेण्ट बैंक र नवलपरासीका सन्देश स्क्रेप ट्रेडर्स गरी ६ वटा करदाताहरूलाई कदरपत्र सहित सम्मान गर्नु भएको थियो ।

**जनकपुर ।** आन्तरिक राजस्व विभागले आयवर्ष २०६८/६९ मा उच्च कर सहभागिता जनाउने उद्योगी व्यवसायीहरूलाई सम्मान गर्ने क्रममा चैत २६ गते बुधवार आन्तरिक राजस्व कार्यालय जनकपुरको कार्यक्षेत्र अन्तर्गतका ६ करदातालाई आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले एक कार्यक्रम बीच सम्मान गर्नुभएको छ। आन्तरिक राजस्व कार्यालयको सभाहलमा भएको सो कार्यक्रममा महानिर्देशक श्री शर्माले समयमै विवरण बुझाउने र कर तिर्ने करदातालाई सम्मान गरेर उत्साहित बनाउने नेपाल सरकारको नीति रहेको बताउनुभयो । कर तिर्नु सबै नागरिकको प्रमुख दायित्व भएकोले करसँग डर होइन भर परेर यथार्थपरक र पारदर्शी कारोवार गर्न करदाताहरूलाई आग्रह गर्नुभयो । मालसमान खरिद विक्री गर्दा सबैले विलविजक लिनेदिने


कुनै पनि कारोवार गर्नु अगाडि स्थायी लेखा नम्बर प्यान लिन नबिर्सौं ।




जनकपुरमा सम्मानित करदाताहरूका साथ महानिर्देशक

बानी गर्न तथा अवैध मदिराजन्य र सूर्तिजन्य पदार्थको कारोवार नगर्न उहाँले आग्रह गर्नुभयो। विगतको वर्ष करदाता शिक्षा मार्फत करदातालाई जागरुक बनाइएको र यो वर्ष करप्रणाली सुधार गर्न कार्ययोजना साथ काम भैरहेको उल्लेख गर्नुभयो । सो अवसरमा उच्चतम कर सहभागिता सहित नेपाल सरकारलाई बढी आयकर वुझाउने धनुषाका ३, सर्लाही, महोत्तरी र सिन्धुलीका एक एक गरी ६ करदातालाई कदरस्वरूप सम्मानपत्र प्रदान गर्नुभएको थियो ।

सम्मानित हुने करदातामा धनुषाका सहयोगी विकास बैंक लिमिटेड, गोपाल सोप इण्डष्ट्रिज प्रालि र सौरभ अटो इन्टरप्राइजेज, महोत्तरीबाट नेपाल एग्रो सेन्टर, सर्लाहीबाट जय बजरंग प्लाईउड इण्डष्ट्रिज प्रालि र सिन्धुलीबाट मातृभूमि विकास बैंक लिमिटेड रहेका छन् ।

सो अवसरमा आन्तरिक राजस्व कार्यालय जनकपुरका कार्यालय सहयोगी रामनारायण राउतलाई पनि प्रशंसापत्रद्वारा सम्मान गरिएको थियो। आन्तरिक राजस्व कार्यालय जनकपुरका प्रमुख कर अधिकृत रमेश अर्यालको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी श्री हरिप्रसाद बास्तोला, जनकपुर उद्योग वाणिज्य संघका महासचिव श्री ललितकुमार साह, नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष श्री अनिल मिश्र र सम्मानित करदाताहरू मध्येवाट गोपाल सोप इण्डष्टिज प्रालिका श्री विश्वनाथ साहले आआफ्ना धारणा राख्नुभएको थियो ।

**नेपालगञ्ज ।** आन्तरिक राजस्व विभागले आयवर्ष २०६८/०६९ मा उच्च कर सहभागिता जनाउने उद्योगी व्यवसायीहरूलाई सम्मान गर्ने क्रममा चैत २२ गते आन्तरिक राजस्व कार्यालय नेपालगञ्ज र नेपालगञ्ज उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा नेपालगञ्जमा करदाता सम्मान तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । सो अवसरमा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले आन्तरिक राजस्व कार्यालय नेपालगञ्जको कार्यक्षेत्रभित्रका चार उत्कृष्ट करदाताहरूलाई सम्मानपत्र प्रदान गर्नु भएको थियो । उक्त सम्मान तथा अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महानिर्देशक श्री शर्माले आगामी आर्थिक वर्ष २०७१/७२ मा कर



नेपालगञ्जमा सम्मानित करदाताहरुका साथ महानिर्देशक

र राजस्व सम्बन्धी ऐन नियमहरू परिमार्जन गरेर कार्यान्वयन गर्ने तर्फ विभाग अग्रसर रहेको बताउनुहुँदै अन्तर्क्रिया कार्यक्रममा करदाताहरूले उठाएका प्रश्नहरूको जवाफ दिनुभएको थियो । महानिर्देशक शर्माले सरकारले करदाताहरूलाई विश्वास गरेको, कर प्रशासन करदातामैत्री प्रशासनको रूपमा सञ्चालन भैरहेको र यो विश्वासलाई उद्योगी व्यवसायीहरूले सम्मान नगरी कर छल्ने, नक्कली भ्याट विल बनाउने, वील वीजक जारी नगर्ने जस्ता गैर कानुनी क्रियाकलापहरू भएमा यसलाई नियन्त्रण गर्न सरकार कटिवद्ध रहेको तथा कानुनसम्मत रूपमा कर बुझाउने करदाताको पक्षमा आन्तरिक राजस्व विभाग रहेको बताउनुभयो । उहाँले आन्तरिक राजस्व कार्यालय नेपालगञ्जमा वि.सं. २०५४ सालमा मूल्य अभिवृद्धि करमा सर्वप्रथम दर्ता हुनुभएका श्री कनैयालाल वैद्यलाई समेत दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो ।

सम्मान कार्यक्रममा बोल्नुहुँदै आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राजेन्द्रप्रसाद शर्माले बढी भन्दा बढी उद्योगी व्यवसायीलाई करको दायरामा ल्याउन करदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको र कर बुझाउन आउने करदाताहरूलाई स्थानीय कर प्रशासनप्रति कुनै गुनासो भएमा आन्तरिक राजस्व विभागमा तुरुन्त खवर गर्न आग्रह गर्नुभएको थियो ।

सम्मानित हुने करदाताहरूमा बाँकेका भेरी वित्तीय सहकारी संस्थाका श्री विष्णु मैनाली, सुर्खेत काँक्रेविहार विकास वैंकका श्री कर्णबहादुर सिंजाली, बर्दियाका जनज्योति इंगलिस बोर्डिङ स्कुलका श्री निर्मलप्रसाद आचार्य र राज इन्टरप्राइजेज दैलेखका सञ्चालक श्री माधव अधिकारी रहेका छन् । सो अवसरमा सम्मानित करदाताहरूले आफूहरू सम्मानित हुन पाएकोमा खुसी व्यक्त गर्दै आगामी दिनहरूमा अझ बढी लगनशील भई कार्य गर्दै राष्ट्रलाई अझ बढी योगदान दिन हौसला मिलेको बताएका थिए। उक्त सम्मान कार्यक्रममा सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष श्री पदम शाही, दैलेख उद्योग वाणिज्य संघका अध्यक्ष श्री दानबहादुर थापा, बर्दिया उद्योग वाणिज्य संघका उपाध्यक्ष श्री पुष्पराज बराल, नेपालगञ्ज उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष श्री अव्दुल वाइद मन्सुरीले समेत आफ्ना धारणा राख्नु भएको थियो ।

**पोखरा ।** आन्तरिक राजस्व विभागले आयवर्ष २०६८/६९ मा उच्चतम कर सहभागितासहित सवैभन्दा धेरै आयकर बुझाउने उद्योगी व्यवसायीहरूलाई सम्मान गर्ने क्रममा चैत १६ गते पोखरामा आयोजित एक कार्यक्रमकाबीच महानिर्देशक श्री टंकमणि शर्माले रम्बा जनरल फुड्स एण्ड इण्डष्ट्रिज प्रा.लि., कास्की फाइनान्स र गौतम इलेक्ट्रिक



पोखरामा सम्माानित करदाताहरूका साथ महानिर्देशक लगायत अन्य कर्मचारीहरू

इलोक्ट्रोनिक सेन्टरलाई सम्मानपत्र प्रदान गर्नुभयो ।

सो कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले पर्यटनको प्रख्यात स्थल पोखरामा मदिराजन्य तथा पेय पदार्थको कारोवार व्यापक रूपमा हुने भएका कारण अन्तःशुल्कमा विशेष ध्यान दिन आग्रह गर्नुभयो । पोखरा नगरको सुन्दरता संगै व्यवसायिक कारोवारहरू समेत शुन्दर तथा पारदर्शी वनाउँदै लानु पर्ने र सोको नेपाल सरकारले मूल्यांकन गरी करदाता सम्मान कार्यक्रमलाई निरन्तरता दिने धारणा महानिर्देशक शर्माको थियो । उहाँले कर अधिकृतहरूलाई कर कानुन बमोजिम खरो रूपमा परिचालित हुन निर्देशन दिनुभयो । मूल्य अभिवृद्धि करको श्रोत, वील वीजक जारी भएको छ कि छैन विशेष रूपमा ध्यान दिन निर्देशन दिनुहुदै कर अधिकृतले करदातामैत्री हुनुपर्ने धारणा राख्नुभयो । यस वर्ष 'उच्च व्यवसायिक नैतिकताको सम्मान, करदाता मैत्री कर प्रशासनको अभियान' भन्ने नारालाई व्यवहारमा उतार्न कर प्रशासन र करदातालाई आग्रह गर्नुभयो । कार्यक्रममा प्रमुख कर अधिकृत जगदीश्वर उपाध्यायले कार्यालयको संक्षिप्त विवरण प्रस्तुत गर्दै सम्मानित करदाताहरूलाई बधाई ज्ञापन गर्नु भएको थियो ।

**वीरगञ्ज ।** आन्तरिक राजस्व कार्यालय वीरगञ्जले चैत १४ गते शुक्रवार वीरगञ्जमा आयोजना गरेको करदातासम्मान कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले साईन फर्मा प्रा.लि., कर्पोरेट डेभलपमेन्ट वैंक र तन्नु ईन्टरनेशनललाई सम्मानित गर्नुभएको थियो । सो अवसरमा उहाँले सम्मानित करदाताहरूलाई सम्मानको गरिमा कायम राख्दै आगामी दिनहरूमा कर सहभागिता अझ वृद्धि गर्न आग्रह गर्नुभयो । कर प्रशासनले असल करदातालाई सम्मानित एवं पुरस्कृत गर्ने र कर चुहावट गर्ने करदातालाई कानुन वमोजिम कारवाही गर्ने समेत वताउनु भयो । महानिर्देशक श्री शर्माले करदाता शिक्षा, सूचना र संचारको माध्यवाट उच्च कर सहभागिता अभिवृद्धि गर्न विभाग प्रयत्नशील रहेको समेत वताउनु भयो । कार्यक्रममा उहाँले आन्तरिक राजस्व कार्यालय वीरगंज अर्न्तगत दर्ता रहि कारोवार गर्ने करदाताहरूमध्ये उच्च कर सहभागिता जनाउने तीन करदातालाई दोसल्ला ओढाई सम्मान पत्र प्रदान गर्नुभएको थियो ।

**सिमरा ।** आन्तरिक राजस्व कार्यालय सिमराले चैत १४ गते सिमरामा आयोजना गरेको एक कार्यक्रमकाबीच महानिर्देशक श्री टंकमणि शर्माले आ.व. २०६८/६९ मा उच्चतम कर सहभागिता जनाउने नुप्लाष्ट इन्डडिट्रज प्रालि, मनकामना तेल उद्योग, ज्योति राइस मिल र राजेश मेडिसिन प्रालिलाई सम्मान गर्नुभयो ।

**हेटौंडा ।** आन्तरिक राजस्व कार्यालय हेटौंडाले चैत १५ गते आयोजना गरेको एक कार्यक्रमका बीच महानिर्देशक श्री शर्माले अल्पाइन डेभलपमेन्ट बैंक, एमएम पोलिमर्स प्रालि., र तायल ब्रदशलाई आ.व. २०६८/६९ मा उच्चतम कर सहभागिता जनाएको आधारमा सम्मान गरिएको बताउनु भयो । सो कार्यक्रममा मन्तव्य राख्नुहुँदै उहाँले कालोसूचिमा नपरेका र धेरै राजस्व दाखिला गर्ने व्यवसायीहरूलाई सम्मान गरिएको बताउनुहुँदै विभागले बजार अनुगमनको क्रमलाई तीव्र बनाउन लागेकाले समयमै राजस्व दाखिला गरेर कारवाहीबाट जोगिन व्यवसायीहरूलाई आग्रह समेत गर्नु भएको थियो । सम्मानित व्यवसायीहरूलाई बधाई ज्ञापन गर्नुहुँदै उहाँले आउने बजेटमा कर प्रणालीमा सुधार गरिने पनि बताउनुभयो ।

**भक्तपुर ।** चैत १२ गते बुधवार आन्तरिक राजस्व कार्यालय भक्तपुरमा आयोजित कार्यक्रममा महानिर्देशक श्री टंकमणि शर्माले



भक्तपुरमा आयोजित कार्यक्रममा सम्मानित करदाताहरूका साथ महानिर्देशक श्री शर्मा

आ.व. २०६८/६९ मा उच्चतम कर सहभागिता जनाउने श्री ओम्निका ल्याबोरेटरिज प्रा.लि, श्री दियालो विकास वैंक लि., श्री दी बोडरल्याण्ड रिसोर्ट होटल प्रा.लि., श्री सन्तोष निर्माण सामग्री सेन्टर, श्री जिएस मार्केटिङ सेन्टर, कार्यालय अन्तर्गत ठूला होटल, लज, रिसोर्टहरू रहेकाले उनीहरूबाट विल विजक जारी भए नभएको र राज्यलाई तिर्नुपर्ने कर नियमित रूपमा दाखिला भए नभएको विशेष रूपमा अनुगमन, तथा अनुसन्धान गर्न कर अधिकृतहरूलाई निर्देशन दिनुभयो ।

# सर्लाहीमा करनीति सम्बन्धी अन्तर्क्रिया

**सर्लाही ।** आ.व. २०७१।७२ को बजेटमा सम्बोधन गर्नुपर्ने कर सम्बन्धी नीतिगत विषयमा सुझाव लिने उद्देश्यले सर्लाहीको मगलंवामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। आन्तरिक राजस्व कार्यालय जनकपुर र सर्लाही उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले उद्योगी व्यवसायी तथा सरोकारवालाहरूले दिएका सुझावहरूलाई समेत मध्यनजर गरी सरकारले राजस्व नीति र बजेट तर्जुमा गर्ने बताउनुभयो । बजेट आउनुपूर्व छलफल गर्दा सरोकारवालाहरूका जायज मागलाई सम्बोधन गर्न सकिने र बजेट प्रति नीजि क्षेत्रको अपनत्व हुने उहाँको भनाई थियो। सो अवसरमा महानिर्देशक श्री शर्माले करदाता आफैं पहिलो कर अधिकृत भएकोले यथार्थपरक, पारदर्शी भएर कारोवार गर्न र समयमै कर तथा विवरण बुझाएर कानूनी कारवाहीबाट बच्न आग्रह गर्नुभयो। कर छल्ने बिरुद्ध सरकार कडा रूपमा प्रस्तुत हुने र कर कानुनको पालना गरी करमा उच्चतम् सहभागिता जनाउनेलाई सदैव सम्मान गर्ने बताउनुभयो। उद्योगी व्यवसायीहरूले आगामी आ.व.को बजेट तथा कार्यक्रममा मूल्य



सर्लाहीमा सम्बोधन गर्नुहुँदै महानिर्देशक श्री शर्मा



सर्लाहीमा उपस्थित व्यवसायीहरू

अभिबृद्धि करको हालको सीमा रू. २० लाखबाट वृद्धि गर्नुपर्ने, मिसम्याचमा परेका करदाताहरूलाई उचित प्रकारले सम्बोधन गर्नुपर्ने, कारोवारको आधारमा करदाताको वर्गीकरण गर्नुपर्ने र दर निर्धारण गर्नुपर्ने, करको दर घटाई दायरा बढाउनुपर्ने, सर्लाहीमा राजस्व कार्यालयको स्थापना गर्नुपर्ने, करदाताबाट उठाएको करको राज्यले सही सदुपयोग गर्नुपर्ने लगायतका सुझावहरू दिएका थिए।

सो कार्यक्रममा सर्लाहीका प्रमुख जिल्ला अधिकारी श्री दिनेश घिमिरे, प्रमुख कर अधिकृत श्री रमेश अर्याल, सर्लाही उद्योग वाणिज्य संघका अध्यक्ष श्री सत्यनारायण अग्रवाल, नेपाल पत्रकार महासंघ सर्लाहीका अध्यक्ष श्री अमन कोइराला, उद्योग वाणिज्य संघ शाखा हरिवन, लालबन्दी र इश्वरपुरका अध्यक्षहरू लगायतले आफ्ना धारणा राख्नु भएको थियो।

# कर र रोग उस्तै भएकाले समयमै निदान गर्नुपर्ने

**पाल्पा ।** आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले कर र रोग उस्तै भएकोले दुबैको समयमै निदान नगरे पछि ठूलो समस्या पर्न सक्ने भन्नुहुँदै करदातालाई आफ्नो व्यवसाय र करको वारेमा सचेत रहन आग्रह गर्नु भएको छ। नेपाल उद्योग बाणिज्य संघ तथा करदाता सेवा कार्यालय तानसेनको संयुक्त आयोजनामा जेठ १ गते कर सम्बन्धी एक दिने अन्तर्क्रियाको क्रममा उहाँले सो कुरा बताउनु भएको हो।

उहाँले समयमै कर तिर्ने र कर नतिर्ने करदाताहरूलाई एउटै स्तरमा राख्न नसकिने भएकाले उनीहरूबीच फरक ब्यबहार गरीने र कर तिर्न अटेर गर्ने करदाताहरूलाई कर प्रशासनले नछाड्ने बताउनुहुँदै साना करदाताहरूलाई परेका समस्याहरूको बारेमा सरल र सहजीकरण गर्न आफूले सक्दो पहल गर्ने बताउनुभयो। साना करदाताहरूलाई सुविधा पुऱ्याउनको लागि आर्थिक अध्यादेश २०७० अनुसार बिभिन्न छुट सबिधा उपलब्ध गराइएको भएतापनि त्यसमा अपेक्षित सहभागिता नभएको हुँदा पुन छुट दिने कुराको औचित्य पुष्टि



पाल्पामा आयोजित कार्यक्रममा सहभागीहरूका साथ महानिर्देशक श्री शर्मा

गर्न गाह्रो भएको बताउनु भयो। करदाताहरूकै जिज्ञासाको क्रममा तानसेन करदाता सेवा कार्यालयलाई आन्तरिक राजस्व कार्यालयमा स्तरोन्नती गर्न आफुले सक्दो पहल गर्ने समेत बताउनु भयो।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

## मालसामान ओसार पसार सम्बन्धी अत्यन्त जरूरी सूचना

**दश हजार रूपैयाभन्दा बढी मूल्यको मूल्य अभिवृद्धिकर लाग्ने मालसामान एक स्थानवाट अर्को स्थानमा ओसारपसार गर्दा कर विजक साथमा लिएर मात्र ओसारपसार गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। हाल राजमार्ग तथा काठमाडौं प्रवेश नाकाहरू र वजार अनुगमन गर्दा कतिपय व्यक्तिहरूले कर विजक साथमा नलिई गिट्टी, बालुवा, इट्टा, ढुंगा, काठ, लगायतका निर्माण सामग्री र दैनिक उपभोग्य वस्तुहरू ओसारपसार गरिरहेको पाइएको प्रति यस विभागको ध्यानाकर्षण भएको छ। अत: एक स्थानवाट अर्को स्थानमा मालसामान ओसारपसार गर्दा कर विजक अनिवार्य रूपमा साथमा राख्नुहुन अनुरोध गरिन्छ। अन्यथा, मूल्य अभिवृद्धिकर ऐन, २०५२ तथा अन्त:शुल्क ऐन, २०५८ बमोजिम कार्यवाही हुने व्यहोरा सम्वद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**


व्यापारी, व्यवसायी मात्र कर दाता होइनन्, करयोग्य आय आर्जन गर्ने आम नागरिक करदाता हुन् भन्ने धारणा वनाउ।

नेपाल सरकार
अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभागको

## कर तथा शुल्क बक्यौता दाखिला गर्ने बारेको अत्यन्त जरुरी सूचना

अन्तःशुल्क ऐन,२०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन २०५८, तथा सालवसाली आर्थिक ऐन बमोजिम तिर्नु बुझाउनु पर्ने कर तथा अन्तःशुल्क तोकिएको समयमा दाखिला गर्नुपर्ने कानुनी व्यवस्था सर्वसाधारणमा विदितै छ । यसरी तिर्नु पर्ने कर समयमा दाखिला नगरेकोमा यस विभाग अन्तर्गतका कार्यालयहरुबाट त्यस्तो बक्यौता कर चुक्ता गरी फरफारक गर्न लिखित एवं मौखिक सूचना तथा जानकारी गराउँदा पनि कतिपय कर दाताहरूले आलटाल गरी बक्यौता राखिरहेको प्रति विभागको ध्यानाकर्षण भएको छ ।

अतः तिर्न बुझाउन पर्ने कर नतिरी बक्यौता राख्ने करदाताहरूले यथाशिघ्र त्यस्तो बक्यौता रकम यस विभाग अन्तर्गतका कार्यालयहरुमा दाखिला गरी फरफारक गर्नु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । कर बक्यौता दाखिला नगरी अटेर गर्ने करदाताहरूलाई प्रचलित कर कानुन बमोजिम कार्यवाही हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

## भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी सूचना

आयकर ऐन, २०५८ ले रोजगारदाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा, आकस्मिक लाभको भुक्तानी गर्दा र ठेक्का वा करारको भुक्तानी गर्दा भुक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरु तथा कर दाता सेवा कार्यालयहरुमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ । साथै भुक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मितिसम्म कर दाखिला नगरेमा ब्याज लाग्ने कानूनी व्यवस्था रहेको छ । तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भुक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरूले कानूनमा तोकिएको समयमा अनिवार्य रूपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नु हुन यो सूचना गरिएको छ ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
टंकमणि शर्मा

**सम्पादक मण्डल**
मदन दहाल
गोपालप्रसाद घिमिरे
ढुण्डीराज दाहाल
महाराज कोइराला
युगजतन हमागाई
राजकुमार पोखेल